जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १४२ • २०८३ साल आश्विन २३ गते शुक्रबार (9 October, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–


## नाजमा खातुनलाई प्रदेशको सांसद बनाउने निर्णय




**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेले मधेश प्रदेशमा रिक्त रहेको समानुपातिक सांसद पदमा नाजमा खातुनलाई पठाउने निर्णय गरेको छ । एमालेको बिहीबार च्यासलमा बसेको स्थायी कमिटी बैठकले खातुनलाई प्रदेशसभा सदस्य बनाउने निर्णय गरेको छ ।

एमालेका उपमहासचिव लेखराज भट्टले मधेश प्रदेशको समानुपातिकतर्फ रिक्त रहेको सांसद पदमा नाजमा खातुनको नाम पठाउने निर्णय बैठकले गरेको जानकारी दिए । खातुन एमालेको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा रहेकी थिइन् ।

एमालेले खातुनलाई बन्दसूचीको प्राथमिकताका आधारमा प्रदेशसभा सदस्य बनाउने निर्णय गरेको छ । उनी एमालेको समानुपातिक बन्दसूचीमा ४०औँ नम्बरमा रहेकी थिइन् ।

एमालेको समानुपातिकतर्फबाट सांसद रहेकी जैनब खातुनको निधन भएपछि उक्त पद रिक्त भएको थियो । रिक्त पदमा नयाँ सदस्य पठाउनुपर्ने भएपछि एमालेले आफ्नो बन्दसूचीमा रहेका नाममध्ये नाजमा खातुनलाई चयन गरेको छ ।

एमाले केन्द्रीय कार्यालयमा बसेको स्थायी कमिटी बैठकले मधेश प्रदेशको समानुपातिक सांसद चयनसँगै पार्टीका समसामयिक राजनीतिक विषयमा समेत छलफल गरेको थियो । बैठकले रिक्त प्रदेशसभा सदस्य पदका लागि नाजमा खातुनको नाम अघि बढाउने निर्णय गरेको उपमहासचिव भट्टले बताए ।

खातुनको चयनसँगै मधेश प्रदेशसभामा एमालेको प्रतिनिधित्वमा पुनः निरन्तरता आउने भएको छ ।

मधेश प्रदेशको सामाजिक तथा जनसांख्यिक विविधतालाई ध्यानमा राख्दै समानुपातिक प्रणालीमार्फत विभिन्न समुदाय, वर्ग, क्षेत्र र लिंगको प्रतिनिधित्व सुनिश्चित गर्ने संवैधानिक व्यवस्था छ ।

## जसपाको राजनीतिक प्रतिवेदन पारित

# संविधान संशोधन, पहिचानमा आधारित पुनर्संरचना र संगठन सुदृढीकरणमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले प्रतिनिधिसभा निर्वाचनमा कमजोर परिणाम व्यहोरेको लामो समयपछि भएको समीक्षा र छलफलपछि अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन पारित गरेको छ । स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा बसेको केन्द्रीय समिति बैठकले पार्टीको आगामी राजनीतिक कार्यदिशा, संगठन सुदृढीकरण, संविधान संशोधन तथा समावेशी राज्य पुनर्संरचनालाई प्राथमिकतामा राख्ने निर्णय गरेको छ ।

ललितपुरस्थित ज्यापू सभा हलमा बिहीबार बसेको केन्द्रीय समिति बैठकमा अध्यक्ष यादवले ४४ पृष्ठ लामो 'वर्तमान राजनीति र हाम्रो रणनीतिक दिशा' शीर्षकको राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमा नेपालको पछिल्लो राजनीतिक अवस्था, परम्परागत दलप्रतिको जनअसन्तुष्टि, नयाँ राजनीतिक शक्तिको उदय, संविधानका कमजोरी, मधेश आन्दोलनका उपलब्धि तथा जसपाको आगामी रणनीतिबारे विस्तृत विश्लेषण गरिएको छ ।

यादवले नेपालको राजनीति परम्परागत शक्तिहरूको प्रभुत्वबाट नयाँ राजनीतिक शक्ति र नयाँ राजनीतिक संस्कारतर्फ रूपान्तरण भइरहेको निष्कर्ष निकालेका छन् । नेपाली कांग्रेस, विभिन्न कम्युनिस्ट घटक, राप्रपा र नेपाल कम्युनिष्ट पार्टी(नेकपा) लगायतका स्थापित राजनीतिक शक्तिप्रति जनताको वितृष्णा बढ्नुमा सत्ताकेन्द्रित राजनीति, गुटबन्दी, अवसरवाद र जनअपेक्षा अनुसार काम गर्न नसक्नु प्रमुख कारण रहेको उनको विश्लेषण छ ।

विशेषगरी कम्युनिस्ट आन्दोलनका रूपान्तरणकारी




एजेन्डा कमजोर भएको, वर्गसंघर्षको राजनीतिक आधारबाट विमुख हुँदै पुँजीवादी संसदीय अभ्यासमा केन्द्रित भएको र आन्तरिक गुटबन्दी तथा सत्तामुखी प्रवृत्तिले जनविश्वास कमजोर बनाएको प्रतिवेदनमा उल्लेख छ ।

उनले नयाँ राजनीतिक शक्तिको उदयलाई पनि पछिल्लो राजनीतिक परिवर्तनको महत्वपूर्ण पक्षका रूपमा व्याख्या गरेका छन् । सन् २०२५ को जेन- जी युवा आन्दोलनले भ्रष्टाचार, बेरोजगारी, सुशासन र पारदर्शिताका मुद्दालाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको उनको भनाइ छ ।

प्रतिनिधिसभा निर्वाचनको परिणामलाई परम्परागत दलप्रतिको असन्तुष्टि र नयाँ राजनीतिक विकल्पप्रतिको जनआकाङ्क्षाका रूपमा व्याख्या गर्दै यादवले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले 'सुशासन र विकास'को नारासहित सामाजिक सञ्जालको प्रभावकारी प्रयोगबाट चुनावी सफलता हासिल गरेको उल्लेख गरेका छन् ।

तर, ठूलो जनादेशले सरकारलाई नीति तथा कानुन कार्यान्वयनका लागि अवसर दिए पनि त्यससँगै सर्वसत्तावाद र शक्ति केन्द्रीकरणको जोखिम बढेको यादवको टिप्पणी छ । राज्यका महत्वपूर्ण निर्णय सीमित व्यक्ति वा केन्द्रमा केन्द्रित हुँदा लोकतान्त्रिक संस्था, न्यायपालिका र सञ्चारमाध्यमको स्वायत्तता कमजोर हुनसक्ने उनको चेतावनी छ ।

लोकतन्त्र संविधान र निर्वाचनबाट मात्र सुरक्षित नहुने भन्दै उनले राजनीतिक सहिष्णुता, संस्थागत संयम, विपक्षीको सम्मान र विधिको शासनलाई लोकतान्त्रिक व्यवस्थाको आधार मानेका छन् ।

प्रतिवेदनमा वर्तमान संविधानमा रहेका संरचनात्मक त्रुटि, अस्पष्टता तथा कार्यान्वयनका समस्यालाई सम्बोधन गर्न संविधान संशोधन, परिमार्जन वा आवश्यकताअनुसार पुनर्लेखन गर्नुपर्ने प्रस्ताव गरिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र र समावेशी लोकतन्त्रलाई संस्थागत गर्न संविधानका कमजोरी सच्याउनुपर्ने यादवको भनाइ छ ।

मधेश आन्दोलनले संघीयता, समावेशिता र पहिचानका मुद्दालाई स्थापित गर्न महत्वपूर्ण भूमिका खेले पनि त्यसका उपलब्धि पूर्ण रूपमा संस्थागत हुन नसकेको प्रतिवेदनमा उल्लेख छ । आन्दोलनका क्रममा भएका सम्झौता कार्यान्वयन गर्नुपर्ने तथा राज्यसत्तामा उत्पीडित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

प्रतिनिधिसभा निर्वाचनमा कमजोर प्रदर्शनले जसपा नेपालको राष्ट्रिय राजनीतिमा पहुँच र भूमिका घटेको स्वीकार गर्दै यादवले निर्वाचन परिणामलाई केवल हारका रूपमा नहेर्न आग्रह गरेका छन् । यसलाई पार्टीको कार्यदिशा, संगठनात्मक अवस्था, नेतृत्व शैली र जनसम्बन्धबारे निर्मम आत्मसमीक्षा गर्ने अवसरका रूपमा लिनुपर्ने उनको भनाइ छ ।

बैठकले आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै संगठन विस्तार, जनसम्बन्ध सुदृढीकरण र राजनीतिक प्रशिक्षणलाई तीव्रता दिने निर्णय गरेको छ । पार्टीभित्र देखिएको गुटबन्दी, निष्क्रियता र प्रशिक्षणको अभाव अन्त्य गर्दै संगठनलाई अनुशासित र जनमुखी बनाउने रणनीति अघि सारिएको छ ।

त्यसैगरी, वैदेशिक सहायता र विप्रेषणमा अत्यधिक निर्भर अर्थतन्त्रलाई उत्पादनमुखी र आत्मनिर्भर बनाउने, युवा रोजगारी सिर्जना गर्ने, कृषि आधुनिकीकरण गर्ने तथा मिटरब्याजजस्ता सामाजिक-आर्थिक समस्या समाधान गर्ने विषयलाई पनि पार्टीको आगामी राजनीतिक कार्यदिशामा समेटिएको छ ।

## कांग्रेस महाधिवेशनको मतदान आज

# एक जनालाई मतदान गर्न ३० मिनेट लाग्ने, ३ दिनमा नतिजा सार्वजनिक गर्ने योजना

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको १५औँ महाधिवेशन अन्तर्गत नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि बुधबार हुने भनिएको मतदान प्रक्रिया शुक्रबार बिहानदेखि शुरु हुँदै छ । खराब मौसम, प्राविधिक समस्या तथा उम्मेदवार र मतदाताको संख्या धेरै हुँदा मतपत्र छपाइमा भएको ढिलाइका कारण मतदान समय एक दिनपछि सारिएको जनाइएको छ ।

निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले जनाए अनुसार शुक्रबार बिहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान हुनेछ । साँझबाट मतदान शुरु गर्दा प्रक्रिया रातिसम्म लम्बिन सक्ने र महाधिवेशन प्रतिनिधिलाई असहज हुने भएकाले बिहानबाट मतदान सुरु गर्ने निर्णय गरिएको उनले बताए ।

कांग्रेसको १५औँ महाधिवेशनको उद्घाटन असोज १८ गते भएको थियो । महाधिवेशनबाट नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि उम्मेदवारी दर्ता, दाबी-विरोध तथा उम्मेदवारी फिर्ताको प्रक्रिया यसअघि नै सम्पन्न भइसकेको छ । निर्वाचन समितिले उम्मेदवारको अन्तिम नामावलीसमेत सार्वजनिक गरिसकेको छ ।

निर्वाचन समिति संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले मतदानका लागि आवश्यक तयारी पूरा भएको जानकारी दिए । उनले मतपत्रको संख्या धेरै भएकाले मतपत्रमा हस्ताक्षर गर्ने कामसमेत भइरहेको जानकारी दिए । निर्वाचन समितिका संयोजकसहित ३२ जना वरिष्ठ अधिवक्ताले मतपत्रमा हस्ताक्षर गरिरहेका छन् ।

**सात हजारभन्दा बढी प्रतिनिधि मतदानमा सहभागी**

महाधिवेशन प्रतिनिधिको




सहजताका लागि निर्वाचन समितिले विभिन्न मतदान केन्द्र तोकेको छ । राष्ट्रिय सभा गृहमा रहेको मतदान केन्द्र 'क' मा बागमती प्रदेशका प्रतिनिधिले मतदान गर्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, खुलामञ्चमा रहेको मतदान केन्द्र 'ख' मा कोशी, मधेश, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका प्रतिनिधिका साथै नेपाली जनसम्पर्क समितिका प्रतिनिधिले मतदान गरिरहेका छन् ।

निर्वाचन समितिले जनाए अनुसार महाधिवेशनमा सहभागी सात हजार ३१७ प्रतिनिधिमध्ये सात हजार २५५ जना नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि मतदानमा सहभागी भएका छन् । मतदानका क्रममा प्रतिनिधिहरूलाई सम्बन्धित प्रदेश तथा समूहअनुसार तोकिएको मतदान केन्द्रमा पुग्नुपर्नेछ ।

मतदान स्थलमा प्रवेश गरेपछि प्रत्येक प्रतिनिधिको परिचयपत्र तथा मतदाता नामावली रुजु गरिनेछ । रुजु प्रक्रिया पूरा भएपछि मात्रै मतदान गर्ने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ ।

निर्वाचन समितिले मतदानस्थलमा मोबाइल फोनलगायत निर्वाचन आचारसंहिताले निषेध गरेका सामग्री लिएर प्रवेश नगर्न प्रतिनिधिलाई आग्रह गरेको छ । मतदान प्रक्रियालाई व्यवस्थित र मर्यादित बनाउन तोकिएको प्रक्रिया अनिवार्य रूपमा पालना गर्नुपर्ने समितिको भनाइ छ ।

**सभापतिदेखि केन्द्रीय सदस्यसम्मको निर्वाचन**

कांग्रेसको १५औँ महाधिवेशनबाट कांग्रेसको सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री तथा विभिन्न समूहका केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । पार्टीले विधान संशोधन गरी केन्द्रीय कार्यसमिति २९७ सदस्यीय बनाएको छ । नयाँ संरचनाअनुसार निर्वाचित हुने पदाधिकारी तथा सदस्यले आगामी कार्यकालका लागि पार्टीको नेतृत्व सम्हाल्नेछन् ।

उम्मेदवारी दर्तादेखि उम्मेदवारी फिर्तासम्मका सबै प्रक्रिया पूरा भइसकेकाले अब कांग्रेस महाधिवेशनको मुख्य ध्यान मतदानमा केन्द्रित भएको छ। मतदानपछि मतपेटिका सुरक्षित रूपमा व्यवस्थापन गरी आवश्यक प्रक्रिया पूरा गरेर मतगणना सुरु गरिने निर्वाचन समितिले जनाएको छ ।

मतगणना सम्पन्न भएपछि निर्वाचन परिणाम सार्वजनिक गरिनेछ । त्यससँगै १५औँ महाधिवेशनबाट कांग्रेसको नयाँ केन्द्रीय नेतृत्व औपचारिक रूपमा चयन हुनेछ ।

सभापतिका उम्मेदवारमा किशोरसिंह राठौरले गगन थापालाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएपछि सभापतिको प्रतिस्पर्धा मुख्यतः थापा र श्यामकृष्ण खड्गीबीच केन्द्रित भएको छ । खुला उपसभापतिको प्रतिस्पर्धामा पनि उम्मेदवारी फिर्ताको प्रभाव परेको छ । देवराज चालिसेले थापाको आग्रहमा उम्मेदवारी फिर्ता लिएका थिए । यसअघि डा. मिनेन्द्र रिजालले पनि उपसभापतिको उम्मेदवारी फिर्ता लिइसकेका छन् ।

**प्रतिनिधिको थप एक दिनको खर्च पार्टीले व्यहोर्ने**

निर्वाचन प्रक्रिया एक दिन लम्बिएपछि महाधिवेशन प्रतिनिधिको काठमाण्डु बसाइ पनि थप एक दिन हुने भएको छ । यसबाट प्रतिनिधिमाथि थप आर्थिक भार नपरोस् भनेर पार्टीले थप एक दिनको बसोबास तथा खानपिन खर्च व्यहोर्ने निर्णय गरेको छ ।

कांग्रेसका कोषाध्यक्ष उमेश श्रेष्ठले पत्रकार सम्मेलनमार्फत महाधिवेशन प्रतिनिधिको थप एक दिनको काठमाण्डु बसाइको खर्च पार्टीले नै व्यहोर्ने जानकारी दिएका छन् । उनले महाधिवेशन असोज २२ गतेभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको बताए । तर निर्वाचन प्रक्रिया एक दिन लम्बिएपछि प्रतिनिधिको बसोबास र खानपिनको अतिरिक्त खर्च पार्टीले व्यवस्थापन गर्ने भएको छ ।

श्रेष्ठले प्रतिनिधिलाई निर्वाचन प्रक्रिया लम्बिँदा थप आर्थिक भार नपर्नेगरीआवश्यकव्यवस्थामिलाइने बताए । महाधिवेशनका लागि देशभरबाट आएका प्रतिनिधिको बसाइँ, खानपिनलगायत व्यवस्थापनको जिम्मेवारी पार्टीले लिने उनको भनाइ छ ।

मतदान शुक्रबार बिहानबाट शुरु भएपछि कांग्रेसको १५औँ महाधिवेशन अब नयाँ नेतृत्व चयनको निर्णायक चरणमा प्रवेश गरेको छ ।




## विपद् अध्ययन समितिका सभापति पौडेलद्वारा शपथ ग्रहण

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले 'भोटेकोशी तथा कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समिति'का सभापति कृष्णप्रसाद पौडेललाई आज पद तथा गोपनीयताको शपथ गराउनुभएको छ।

राष्ट्रियसभाको यही असोज १६ गते बसेको बैठकले राष्ट्रियसभा नियमावली, २०७५ को नियम १६७ बमोजिम एक सदस्यपछि थप गर्ने गरी नौ सदस्यीय विशेष समिति गठन गरेको थियो। समितिको सभापतिमा पौडेल निर्विरोध निर्वाचित हुनुभएको थियो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलगायतको उपस्थितिमा सिंहदरबारस्थित संसदीय समिति कक्षमा उक्त शपथ ग्रहण कार्यक्रम आयोजना गरिएको हो। शपथ ग्रहणपछि सभापति पौडेलले बिहीबार नै विशेष समितिको बैठकसमेत राख्नुभएको छ।

शपथ ग्रहणलगत्तै रासससँग कुरा गर्दै सभापति पौडेलले भोटेकोशी र कालीगण्डकी करिडोरमा भएको विपद्बाट नागरिक, बालबालिका, महिला, सुत्केरी तथा अपाङ्गता भएका व्यक्तिले भोग्नुपरेको दुःख, कष्ट र पीडालाई ध्यानमा राखेर समितिले काम गर्ने बताउनुभयो। रासस

## 'पत्रकारिताको क्रममा सामाजिक सद्भाव कायम गर्न लाग्नुपर्छ'

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले निष्पक्षतालाई प्रवर्द्धन गर्दै सामाजिक सद्भाव कायम गर्न पत्रकारिता क्षेत्र प्रतिबद्ध हुनुपर्ने बताएका छन्।




नेपाल पत्रकार महासंघ धनुषाको १४औँ साधारणसभाको बिहीबार जनकपुरधाममा उद्घाटन गर्दै सभामुख यादवले पत्रकारिताको मर्यादा कायम राख्न सञ्चारकर्मीले अध्ययनशील भएर सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिए। "पत्रकारिता पक्ष वा विपक्षमा नभइ निष्पक्ष हुनुपर्छ," सभामुख यादवले भने, "तब मात्र पत्रकारिताप्रति समाजको विश्वास अझ बढ्छ।"

सभामुख यादवले ' डिजिटल' माध्यमको विस्तारसँगै पत्रकारितामा नयाँ चुनौती थपिएको उल्लेख गर्दै व्यक्ति हितभन्दा सामाजिक हितलाई केन्द्रमा राखेर पत्रकारिता गर्न आग्रह गरे। उनले सीमान्तकृत तथा पछाडि पारिएका समुदायका पक्षमा कलम चलाउन पत्रकारलाई आग्रह गरे। उनले संघीयता खर्चिलो भएको भन्ने भाष्य गलत रहेको उल्लेख गर्दै वित्तीय सङ्घीयता पूर्णरूपमा कार्यान्वयन हुन नसकेको बताए।

नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले महासंघ इतिहासकै कठिन अवस्थामा रहेको बताए। संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चित गरे पनि त्यसको संरक्षणका लागि पत्रकार एकजुट हुनुपर्ने उनले बताए।

महासंघका महासचिव रामप्रसाद दाहालले सरकारले ल्याउन लागेको कतिपय कानुन प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने खालको रहेको बताए। पत्रकारिता कमजोर हुँदा नागरिकको आवाजसमेत कमजोर हुने उल्लेख गर्दै उनले सञ्चारमाध्यम संरक्षणका लागि राज्यले उपयुक्त नीति ल्याउनुपर्ने बताए। महोत्तरीको मटिहानीनगरपालिकाकानगरप्रमुख हरि मण्डलले पत्रकारितामा बढ्दै गएको विकृति रोक्न महासंघको नेतृत्व गम्भीर हुनुपर्ने बताए।

१४ औँ साधारणसभाको बन्द सत्रको क्रममा पत्रकार महासंघ धनुषाको कामकारबाही सन्तोषजनक नभएको भन्दै विभिन्न संगठनका अगुवाहरुले विरोध गरेका छन्। महासंघले प्रकाशित गरेको पुस्तक शहीदप्रति समर्पण नगरिएको, पुस्तकमा एक व्यक्तिलाई अधिक महत्व दिइ मनोमानी गरेको, पत्रकार महासंघको विभिन्न विकास निर्माणको कार्य पारदर्शी नभएको, महासंघकै पदाधिकारीको कार्यकक्ष नहुनु, विभिन्न किसिमका अराजकता, अनियमितता, अनुशासनहीन गतिविधि भएको भन्दै विभिन्न संगठनका प्रतिनिधि अगुवाहरुले बहिष्कारसमेत गरेका थिए।

## क्यालेन्डर पालना नगरे त्रिवि पदाधिकारीले सार्वजनिक रूपमा कारण देखाउनुपर्छः मन्त्री पोखरेल

काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री एवं त्रिभुवन विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले विश्वविद्यालयको शैक्षिक सुधारका लागि निश्चित शैक्षिक क्यालेन्डर, सुशासन र प्रविधिको उच्चतम प्रयोग अनिवार्य हुनुपर्नेमा जोड दिनुभएको छ।

कीर्तिपुरस्थित त्रिभुवन स्मृति भवनमा बिहीबार आयोजित त्रिवि सभाको ६७औँ वार्षिक दिवसको बैठकमा अध्यक्षता गर्दै उहाँले विश्वविद्यालयलाई समयसापेक्ष, अनुसन्धानमुखी र अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउनुपर्ने बताउनुभएको छ।

मन्त्री पोखरेलले प्रवेश परीक्षा, भर्ना, अध्ययन अध्यापनदेखि परीक्षा र नतिजा प्रकाशनसम्मका सबै प्रक्रिया समय तालिका अनुसार सञ्चालन गर्न पदाधिकारीहरूलाई निर्देशन दिनुभएको छ।

क्यालेन्डर प्रभावित भएमा त्यसको स्पष्ट कारण र सुधारको समयसीमा सार्वजनिक गर्नुपर्ने उहाँको भनाइ छ। यस सन्दर्भमा उहाँले निर्देशन दिँदै भन्नुभयो, "प्रवेश परीक्षा, विद्यार्थी भर्ना, अध्ययन अध्यापनको समयावधि, प्रभावकारी आन्तरिक मूल्याङ्कन, अन्तिम परीक्षाको नतिजा



प्रकाशन, मार्कसिट, ट्रान्सक्रिप्ट र प्रमाणपत्र वितरणको यथार्थ समय तालिका र प्रविधिको उच्चतम प्रयोग गरी विद्यार्थीहरूलाई सेवा प्रवाह गर्न ठोस कार्ययोजना बनाई अगाडि बढ्न सम्बन्धित पदाधिकारीहरूलाई निर्देश गर्दछु। कुनै कारणले क्यालेन्डर प्रभावित भए त्यसको सार्वजनिक कारण र सुधारको समयसीमा पनि सार्वजनिक गर्न सम्बन्धित सबैलाई अनुरोध गर्दछु।"

परीक्षा प्रणालीमा फेरबदल गर्दै अब विद्यार्थीले कति लेख्यो भन्दा पनि उसले कति सिक्यो भन्ने कुराको मापन गर्नुपर्ने मन्त्री पोखरेलको जोड थियो। रटेको ज्ञानभन्दा व्यावहारिक र सिर्जनशील जनशक्ति उत्पादन गर्नुपर्ने औँल्याउँदै उहाँले थप्नुभयो, "परीक्षामा विद्यार्थीले कति लेख्यो मात्र होइन, उसले कति सिक्यो भन्ने पनि मापन गरौँ। अब रटेको ज्ञान होइन, समस्या समाधान गर्ने क्षमता, सिर्जनशीलता, अनुसन्धान क्षमता र व्यावहारिक दक्षता विकास गर्न सक्ने गरी अध्यापन र अनुसन्धान कार्यमा संलग्न रहन सम्बन्धित प्राध्यापकज्यूहरूलाई समेत अनुरोध गर्न चाहन्छु।"

देशका विभिन्न समस्याको समाधान खोज्न विश्वविद्यालयले अनुसन्धानलाई प्राथमिकता दिनुपर्नेमा पनि उहाँले विशेष जोड दिनुभयो। अनुसन्धान र नवप्रवर्तनबारे बोल्दै उहाँले भन्नुभयो, "नेपालको सामाजिक, आर्थिक, सांस्कृतिक, वातावरणीय तथा प्राविधिक समस्याको समाधान खोज्ने अनुसन्धानलाई विश्वविद्यालयले अझ प्राथमिकता दिनुपर्छ। ज्ञान उत्पादन र त्यसको प्रयोगबीचको दूरी घटाउन सके मात्र विश्वविद्यालयको अनुसन्धानले राष्ट्रिय विकासमा थप प्रभावकारी योगदान दिन सक्छ।"विश्वविद्यालयका सम्पूर्ण सुधारको केन्द्रबिन्दु विद्यार्थी हुनुपर्ने स्पष्ट पार्दै मन्त्री पोखरेलले कृत्रिम बुद्धिमत्तालगायत प्रविधिलाई अवसरका रूपमा लिनुपर्ने बताउनुभयो।

विद्यार्थी केन्द्रित सुधार र प्रविधिको प्रयोगबारे उहाँले प्रष्ट पार्नुभयो, "विश्वविद्यालयका सम्पूर्ण सुधारको केन्द्रमा विद्यार्थी हुनुपर्छ। विद्यार्थीका गुनासा, आवश्यकता र आकांक्षालाई सुन्ने तथा समाधान गर्ने प्रभावकारी संयन्त्र विकास गर्न आवश्यक छ। कृत्रिम बुद्धिमत्तालगायत नयाँ प्रविधिलाई चुनौतीका रूपमा मात्र नभई ज्ञान र नवप्रवर्तनको नयाँ अवसरका रूपमा ग्रहण गर्दै यसको जिम्मेवार र नैतिक प्रयोगका लागि आवश्यक नीति तथा क्षमता विकास गर्नुपर्ने देखिन्छ।" रासस

## ऋपांगता रोकथामदेखि आत्मनिर्भरतासम्म एकीकृत कार्यक्रम सञ्चालन हुने

काठमाण्डु । सरकारले अपांगताको जोखिम न्यूनीकरणदेखिप्रारम्भिकपहिचान, उपचार, पुनःस्थापना, शिक्षा, सीप विकास, रोजगारी र सामाजिक समावेशीकरणसम्मका कार्यक्रमलाई एकीकृत रुपमा सञ्चालन गर्ने भएको छ।



महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले 'अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३' मार्फत अपाङ्गता रोकथाम र पुनःस्थापनालाई तीन तहका सरकारको साझेदारीमा अघि बढाउने व्यवस्था गरेको हो।

कार्यविधिअनुसार कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तह तथा आवश्यकताअनुसार साझेदार संस्थाको लागत र प्राविधिक साझेदारीमा सञ्चालन हुनेछ। अपाङ्गता भइसकेपछि मात्र सेवा उपलब्ध गराउनेभन्दा सम्भावित जोखिमको प्रारम्भिक चरणमै पहिचान, रोकथाम र व्यवस्थापन गर्ने अवधारणालाई कार्यक्रमले प्राथमिकता दिएको छ।

कार्याक्रमअर्न्तगत गर्भवती तथा सबै उमेर समूहका व्यक्तिको स्वास्थ्य परीक्षण गरी सम्भावित अपाङ्गताको पहिचान र व्यवस्थापन गरिने मन्त्रालयले जनाएको छ। नवदम्पती तथा गर्भवतीलाई सुरक्षित मातृत्व, फोलिक एसिडको प्रयोग र अपाङ्गता रोकथामसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने कार्यविधिमा उल्लेख छ।

त्यस्तै कार्यविधिमा राष्ट्रियस्तरमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि सङ्घीय संयन्त्र रहनेछ। उक्त संयन्त्रले तीन तहका सरकारबीच समन्वय गर्ने, कार्यक्रमको प्रगति तथा प्रभाव समीक्षा गर्ने र कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सुझाव दिने पनि समावेश गरिएको छ।

कार्यक्रमलाई सरकारका आवधिक योजना, नीति तथा कार्यक्रममा समावेश गर्न आवश्यक पहल गर्ने जिम्मेवारी पनि सङ्घीय संयन्त्रलाई दिइएको छ। सङ्घ, प्रदेश र स्थानीय तह तथा इच्छुक साझेदार संस्थाले कार्यक्रम सञ्चालनमा लागत तथा प्राविधिक साझेदारी गर्न सक्ने पनि कार्यविधिमा समेटिएको छ।

सरकारले अपाङ्गता रोकथाम र पुनःस्थापनालाई छुट्टाछुट्टै सेवाका रूपमा नभई स्वास्थ्य, शिक्षा, सहायक सामग्री, सीप, रोजगारी, सामाजिक सुरक्षा र अधिकारसँग जोडिएको एकीकृत प्रणालीका रूपमा विकास गर्ने उद्देश्यले कार्यविधि अघि बढाएको मन्त्रालयले जनाएको छ। रासस

## मन्त्री बादी र अमेरिकी कार्यवाहक राजदूत बोल्डिनबीच भेटवार्ता



काठमाण्डु । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादी र नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत मेगन बोल्डिनबीच भेटवार्ता भएको छ।

भेटवार्तामा नेपाल-अमेरिका सम्बन्ध, रसुवालगायत बाढी प्रभावित क्षेत्रको पुनःस्थापना तथा पुनर्निर्माण, मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण र सामाजिक विकासका क्षेत्रमा सहकार्य थप सुदृढ गर्ने विषयमा छलफल भएको हो। भेटवार्तामा कार्यवाहक राजदूत बोल्डिनले रसुवाको भोटेकोशीमा गएको बाढीमा परी ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नुभयो। उहाँले बाढीबाट प्रभावित समुदायको अवस्था र पुनःस्थापनाका प्रयासबारे चासो व्यक्त गर्दै नेपालसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री बादीले नेपाल र संयुक्त राज्य अमेरिकाबीच सन् १९४७ देखि कायम कूटनीतिक सम्बन्ध पारस्परिक सम्मान, विश्वास, विकास सहकार्य र जनस्तरीय सम्बन्धमा आधारित रहेको उल्लेख गर्दै आगामी दिनमा दुई देशबीचको सहकार्य थप विस्तार हुने विश्वास व्यक्त गर्नुभयो।

सन् २०२६ अगस्ट २६ मा नेपाल-तिब्बत सीमा क्षेत्रमा गएको बाढीबाट महिला, किशोरी तथा बालबालिकाको सुरक्षा, संरक्षण र शिक्षामा थप चुनौती सिर्जना भएको जानकारी गराउँदै मन्त्री बादीले प्रभावित क्षेत्रको पुनःस्थापना र पुनर्निर्माणमा अमेरिकी सहयोग र सहकार्यको अपेक्षा व्यक्त गर्नुभयो।

भेटमा मन्त्री बादीले बाढी प्रभावित समुदायको उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणका लागि नेपाल सरकारले उपलब्ध स्रोत, साधन र जनशक्ति परिचालन गरी काम गरिरहेको जानकारी दिनुभयो। मन्त्रालयले आफ्नो कार्यक्षेत्रभित्र जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको संरक्षण र सामाजिक सुरक्षालाई प्राथमिकतामा राखेको उहाँले बताउनुभयो। भेटवार्तामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका विषयमासमेत विस्तृत छलफल भएको थियो। रासस

## विपद् प्रभावित क्षेत्रको पुनर्निर्माणमा गैरप्राथमिक आयोजनाको बजेट लगाइने

हेटौँडा । बागमती प्रदेश सरकारले गैरप्राथमिक आयोजनाको बजेट कटौती गरी विपद्प्रभावित क्षेत्रको पुनःस्थापना तथा पुनर्निर्माणमा खर्च गर्ने तयारी गरेको छ।



आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयगत विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री किरण थापा मगरले विपद्बाट भएको जनधनको क्षतिलाई ध्यानमा राखेर पुनःस्थापना र पुनर्निर्माणलाई प्राथमिकता दिइने बताउनुभयो।

उहाँले बजेटको सीमितताका कारण विभिन्न मन्त्रालयअन्तर्गतका गैरप्राथमिक कार्यक्रमको बजेट कटौती गरेर भए पनि विपद् प्रभावित क्षेत्रमा परिचालन गरिने बताउनुभयो। उद्धार, उपचार तथा खाद्यान्न वितरणको चरण पूरा भइसकेकाले अब आन्तरिक मामिला मन्त्रालयको संयोजकत्वमा पुनःस्थापना र पुनर्निर्माणका काम अघि बढाइने उहाँको भनाइ छ।

मुख्यमन्त्री थापा मगरका अनुसार विपद्मा बेपत्ता भएका व्यक्तिका परिवारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने प्रक्रिया ४५ दिनभित्र अघि बढाउने गरी सङ्घीय मन्त्रिपरिषद्बाट निर्णय भइसकेको छ। प्रदेश सरकारले मृतकका परिवारलाई प्रतिमृतक रु एक लाख राहत उपलब्ध गराउने निर्णय गरेको उहाँले जानकारी दिनुभयो।

बैठकमा मुख्यमन्त्री थापा मगरले चाडपर्वका समयमा यात्रुको चाप बढ्ने भएकाले सुरक्षा तथा ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभयो। लामो दूरीका सार्वजनिक सवारी साधनमा अनिवार्य दुई चालकको व्यवस्था कार्यान्वयन भए/नभएको अनुगमन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

लागुऔषध सेवन गरी सवारी चलाउने प्रवृत्ति नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी परीक्षण सामग्री तथा प्राविधिक जनशक्ति उपलब्ध गराइने उहाँले बताउनुभयो। लागुऔषध सेवन गरेर सवारी चलाउने चालकको अनुमतिपत्र खारेज गर्नेसम्बन्धी कानुनी व्यवस्था आवश्यक रहेको उहाँको भनाइ थियो।

मुख्यमन्त्री थापा मगरले समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता गराउन सहकारीको सम्पत्ति लिलाम गर्नेसम्मको प्रक्रिया अघि बढाइने बताउनुभयो। उहाँले कानुनबमोजिम निष्पक्ष रूपमा काम गर्न कर्मचारीलाई निर्देशन दिँदै सेवा प्रवाह र विकास निर्माणलाई प्रभावकारी बनाउन जोड दिनुभयो। रासस

विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको विमा लेख मिति २०८३/०५/१२ गते घरबाट जनकपुर आउने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : राम कुमारी मण्डल
विमालेख नं.: २२००३९६९३
ठेगाना: बघचौडा -९, धनुषा
मो.नं.९८०४८५९७२७

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | बौद्धिक क्षेत्र तथा सन्तान पक्षबाट खुशीको खबर सुन्न पाइनेछ। |
| वृष : | घरायसी प्रयोजनका वस्तु वा जग्गा जमिन जोड्ने अवसर जुर्न सक्छ। |
| मिथुन : | छिमेकी वा दाजुभाइबाट समयमै सहयोग प्राप्त हुनेछ। |
| कर्कट : | आर्थिकस्थिति सुदृढ बन्नेछ रोकिएका धनसम्पत्ति हात लाग्नेछ। |
| सिंह : | नयाँ कार्यको थालनी गर्न यो समय उत्तम छ। |
| कन्या : | अनावश्यक वादविवादबाट टाढा रहँदै आफ्नो काममा मात्र ध्यान दिनुहोस्। |
| तुला : | इष्टमित्रबाट प्राप्त हुने सहयोगले उत्साह थप्नेछ। |
| वृश्चिक : | कार्यक्षेत्रमा नयाँ जिम्मेवारी वा पदोन्नति हुने सम्भावना बलियो छ। |
| धनु : | उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुका लागि दिन अति उत्तम छ। |
| मकर : | सवारीसाधन चलाउँदा सावधानी अपनाउन आवश्यक छ। |
| कुम्भ: | दाम्पत्य जीवनमा मिठास छाउनेछ। |
| मीन: | विरोधीहरु परास्त हुनेछन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

### अख्तियारको मुद्दा 'मिलाउन' १ लाख ७५ हजार दिएको दाबी

# अडियो सार्वजनिक भएपछि प्रश्नै-प्रश्न

**सञ्जय मिश्रा**

रौतहट । रौतहटमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग जोडिएको भनिएको एउटा अडियो सार्वजनिक भएपछि स्थानीय तहदेखि सम्बन्धित निकायसम्म प्रश्न उठ्न थालेका छन् ।



दुर्गा भगवती गाउँपालिका-१ का वडा सचिव राजेश कुमार दासले अख्तियारमा परेको भनिएको मुद्दा मिलाउने तथा तामेलीमा राख्ने प्रयोजनका लागि आफूले १ लाख ७५ हजार रुपैयाँ दिएको दाबी गरेको संवादसहितको अडियो सार्वजनिक भएको हो ।

सार्वजनिक अडियोमा दासले रकम दिएको विषय स्वीकार गरेको जस्तो सुनिन्छ। संवादमा अख्तियारमा रहेको भनिएको मुद्दा मिलाउने र तामेलीमा राख्ने विषयमा रकम लेनदेन भएको आशय व्यक्त गरिएको छ ।

यद्यपि, सार्वजनिक भएको अडियोको सत्यता र त्यसमा सुनिएको आवाज दासकै हो वा होइन भन्ने स्वतन्त्र पुष्टि भइसकेको छैन । त्यसैले अडियोमा गरिएको दाबीलाई तत्कालै प्रमाणित तथ्यका रूपमा लिन सकिने अवस्था छैन ।

तर अडियोमा गरिएको दाबी वास्तविक ठहरिएमा भने घटनाले गम्भीर कानुनी तथा प्रशासनिक प्रश्न खडा गर्ने देखिन्छ। रकम कसलाई दिइयो ? कसले माग्यो ? रकम कुन माध्यमबाट पुग्यो ? र अख्तियारमा रहेको भनिएको मुद्दासँग त्यसको कुनै सम्बन्ध थियो कि थिएन ? भन्ने प्रश्नको जवाफ खोज्नुपर्ने हुन्छ ।

अझ गम्भीर प्रश्न त अख्तियारको नाम लिएर कुनै व्यक्तिले मुद्दा प्रभावित पार्ने वा तामेलीमा राख्ने भन्दै रकम असुल गरेको थियो कि थिएन भन्ने हो। यदि त्यस्तो गतिविधि भएको पुष्टि भएमा त्यसमा प्रत्यक्ष संलग्न व्यक्तिसँगै रकमको लेनदेन गराउने बिचौलिया वा अन्य व्यक्तिको भूमिकासमेत अनुसन्धानको दायरामा आउन सक्छ ।

अडियो बाहिरिएसँगै स्थानीयस्तरमा पनि घटनाको निष्पक्ष छानबिन हुनुपर्ने आवाज उठ्न थालेको छ । सामाजिक सञ्जालमा समेत अडियोको विषयलाई लिएर विभिन्न टिप्पणी भइरहेका छन् ।

तर अडियो सार्वजनिक हुनु र त्यसमा गरिएको दाबी प्रमाणित हुनु फरक विषय हुन्। आवाजको प्रामाणिकता, संवादको वास्तविक सन्दर्भ, रकमको लेनदेन, रकमको स्रोत तथा गन्तव्य र अख्तियारमा रहेको भनिएको मुद्दाको वास्तविक अवस्थाबारे अनुसन्धान नगरी निष्कर्षमा पुग्न सकिँदैन ।

त्यसैले अब सम्बन्धित निकायका लागि मुख्य चुनौती अडियोको प्राविधिक परीक्षणसँगै त्यसमा उल्लेख भएको भनिएको रकम र घटनाको वास्तविकता पत्ता लगाउनु बनेको छ ।

यदि १ लाख ७५ हजार रुपैयाँ वास्तवमै लेनदेन भएको पुष्टि भयो भने त्यो रकम कहाँ पुग्यो र अख्तियारको मुद्दासँग त्यसको सम्बन्ध थियो कि थिएन भन्ने विषयले घटनाको वास्तविक तस्वीर बाहिर ल्याउन सक्छ ।

अडियोमा गरिएको दाबी झुटो वा भ्रामक ठहरिए त्यसको जिम्मेवारीसमेत सम्बन्धित पक्षले लिनुपर्ने हुन्छ। त्यसैले अहिलेको अवस्थामा आरोप र प्रमाणबीचको दूरी हटाउने काम निष्पक्ष अनुसन्धानबाट मात्रै सम्भव देखिन्छ ।

# ३ करोडको लागतमा निर्मित कोल्डस्टोर सञ्चालनमा आएन

**टुडे समाचारदाता**

धनगढी । सुदूरपश्चिम प्रदेश सरकारको निर्माण भएका ४६० टन क्षमताका ७ वटा कोल्ड स्टोर बने पनि अझै सञ्चालनमा आउन सकेका छैनन् । २ करोड ९७ लाख रुपैयाँ लागतमा निर्माण भई अलपत्र परेका कोल्ड स्टोर सुधारका लागि गत आर्थिक वर्षमा बजेट विनियोजन गरे पनि स्थानीय तहले चासो नदिँदा सञ्चालनमा आउन नसकेको हो ।

प्रदेश सरकारले ठेक्कामार्फत निर्माण गरेका कोल्ड स्टोर सुधारका लागि गत वर्ष कैलालीको अत्तरियास्थित कृषि थोक बजारमा रहेको कोल्ड स्टोर सुदृढीकरण गर्न कृषि विकास निर्देशनालयमा ९ लाख रुपैयाँ विनियोजन गरेको थियो । त्यस्तै, कोल्ड स्टोर मर्मतका लागि कृषि ज्ञान केन्द्र डडेल्धुरामा ४ लाख, बझाङमा ३ लाख र कैलालीमा २० लाख रुपैयाँ बजेट व्यवस्था गरिएको थियो ।



बजेट विनियोजन भएपछि कार्यक्रम कार्यान्वयनका लागि पत्राचार गर्दा स्थानीय तह र उपभोक्ता समिति सम्पर्कमा नआएपछि बजेट खर्च हुन नसकेको कृषि विकास निर्देशनालयका निर्देशक टिकेन्द्र कुश्मीले बताए । उनका अनुसार निर्माण भएका कोल्ड स्टोरमा सुधार, मर्मत तथा विद्युत् जडानलगायतका काम गर्न बजेट भनिएको थियो ।

डेल्धुरामा कोल्ड स्टोर तथा त्यसको विद्युत् महसुल अनुदानका लागि १० लाख रुपैयाँ र कोल्ड स्टोरमा बीउ आलु तथा आलु राख्ने कृषकलाई भाडा अनुदान वितरणका लागि १८ लाख रुपैयाँ विनियोजन गरिएको थियो । दार्चुलामा पनि बीउ आलु तथा आलु राख्ने कृषकलाई भाडा अनुदान दिन ४ लाख रुपैयाँ छुट्याइएको थियो । तर, कोल्ड स्टोरसम्बन्धी कुनै पनि बजेट खर्च नभएको निर्देशक कुश्मीले बताए ।

'कतै मर्मत गर्नुपर्ने, कतै विद्युत् जडान गर्नुपर्ने भएकाले बजेट राखेका थियौं,' उनले भने, 'कार्यान्वयनका लागि पत्र पठायौं तर कोही पनि सम्पर्कमा आएन ।' कैलालीको चुरे गाउँपालिका, लम्कीचुहा नगरपालिका,बाजुराकोबडीमालिका नगरपालिका, कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका, कैलालीको गोदावरी र अछामको साँफेबगर नगरपालिकामा निर्माण गरिएका कोल्ड स्टोर सञ्चालनमा नआएका हुन् । यीमध्ये गोदावरी र साँफेबगरमानिर्माणगरिएकाकोल्ड स्टोर हस्तान्तरणसमेत भएका छैनन् । गोदावरीमा ट्रान्सफर्मर राख्न बाँकी रहेकाले हस्तान्तरण हुन नसकेको निर्देशक कुश्मीले बताए । 'ट्रान्सफर्मर राख्ने काम भइसकेको छ ।

अब केही दिनमा हस्तान्तरण गरी कृषि थोक बजारलाई नै सञ्चालनको जिम्मेवारी दिन्छौं,' उनले भने, 'यो वर्ष सञ्चालनमा आइसक्छ ।'

साँफेबगर नगरपालिकाले भने छुट्टै कोल्ड स्टोर निर्माण गरेकाले प्रदेश सरकारले बनाएको कोल्ड स्टोरमा चासो नदिएको निर्देशनालयले जनाएको छ। पछिल्लो समय नगरपालिकाले सम्पर्कमा आएर आफूले निर्माण गरेको कोल्ड स्टोर सञ्चालनमा समेत सहयोग मागेको निर्देशक कुश्मीले बताए ।

निर्देशनालयका अनुसार बाजुरा र लम्कीमा निर्माण भएका कोल्ड स्टोर एकपटक सञ्चालन गरी आलुको बीउ राखिएको थियो । तर, दोस्रो सिजनमा ती कोल्ड स्टोर सञ्चालन हुन नसकेको निर्देशक कुश्मीले बताए । चुरे र दोधारा चाँदनीमा निर्माण भएका कोल्ड स्टोर भने अहिलेसम्म सञ्चालनमा आएका छैनन् । कतिपय स्थानमा विद्युत्को पोलसमेत नभएकाले कोल्ड स्टोर सञ्चालन गर्न नसकिएको उनले बताए ।

प्रदेश सरकारले यसअघि उपभोक्ताको लागत साझेदारीमा निर्माण गरेका केही कोल्ड स्टोर भने सञ्चालनमा छन् । प्रदेश सरकारको पहिलो कार्यकालमा उपभोक्ताको लागत साझेदारीमा ४ वटा कोल्ड स्टोर र ६ वटा केरा पकाउने राइपेनिङ सेन्टर निर्माण गरिएको थियो । ती कोल्ड स्टोर र राइपेनिङ सेन्टर सञ्चालनमा छन् । स्थानीय तहहरूले भने कोल्ड स्टोर सञ्चालनका लागि आवश्यक कार्यविधि, बजेट र जनशक्ति अभावका कारण सञ्चालन गर्न नसकिएको जनाएका छन् ।

प्रदेशको कृषि विकास निर्देशनालयले २०७८ वैशाखमा १३ वटा कोल्ड स्टोर निर्माणका लागि ठेक्का लगाएको थियो । त्यसमध्ये ६ वटा निर्माण सम्पन्न भए पनि ७ वटाको ठेक्का भने ६ वर्षदेखि अलपत्र छ ।

निर्माणमा व्यवसायीहरूले अरुचि देखाएपछि निर्देशनालयले दुईपटक ठेक्का तोड्ने प्रयास गरेको थियो । तर, दुवैपटक प्रक्रिया सफल हुन सकेन । ठेक्का तोड्ने प्रक्रिया सुरु गर्दा निर्माण व्यवसायीहरूले काम गर्ने प्रतिबद्धता जनाए पनि काम अघि बढाएका छैनन् ।

पछिल्लो पटक २०८३ मा निर्देशनालयले ती ठेक्का तोड्न प्रक्रिया अगाडि बढाएको थियो । निर्देशक कुश्मीका अनुसार ठेक्का तोड्ने प्रक्रियाअन्तर्गत स्वीकृतिका लागि ठेक्काको अवस्थासहितको प्रतिवेदन प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पठाइएको छ ।

तर, उक्त प्रक्रिया मन्त्रालयमै रोकिएको छ । २ करोड ९५ लाख ७५२ रुपैयाँमा ठेक्का लगाइएका १८५ टन क्षमताका ७ वटा कोल्ड स्टोरमध्ये ४ वटाको सिभिल वर्क पूरा भएको छैन भने ३ वटाको मेकानिकल वर्क अर्थात् मेसिन जडानको काम बाँकी छ । सुरुका दुई वर्ष काम भए पनि त्यसपछिका वर्षमा निर्माणको काम अघि बढ्न सकेको छैन ।

# महिला उद्यमीका उत्पादनलाई बजारसँग जोड्न बीटुबी बैठक

**टुडे समाचारदाता**

जनकपुरधाम । महिला उद्यमीका उत्पादनलाई बजारसँग जोड्ने उद्देश्यले जनकपुरधाममा आयोजित दुईदिने सार्वजनिक खरिद तथा बिजनेस टु बिजनेस (बीटुबी) बैठक सम्पन्न भएको छ । सो बैठकबाट विभिन्न ९ वटा व्यवसायबीच उत्पादनको खरिद तथा बिक्री-वितरणसम्बन्धी सम्झौता भएको जनाइएको छ ।



कार्यक्रमको पहिलो दिन हिजो मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री शारदा देवी थापाले उद्घाटन गरेको थियो । उद्घाटनका क्रममा मन्त्री थापाले महिला सशक्तीकरण राजनीतिक सहभागितामा मात्र सीमित नभई सामाजिक तथा आर्थिक क्षेत्रमा समेत विस्तार हुनुपर्ने बताउनुभएको थियो। महिलाले उद्यम सुरु गरे पनि बजारको अभावमा व्यवसायबाट पलायन हुनुपर्ने अवस्था रहेको उल्लेख गर्दै उनले महिला उद्यमीलाई बजारसँग जोड्ने पहल आवश्यक रहेको बताएका थिए ।

युरोपेली संघको सहयोगमा संयुक्त राष्ट्रसंघीय महिला निकाय ले ईडब्लुपीएन इम्प्रुभड वोमेन, प्रोसपेरस नेपाल कार्यक्रम अन्तर्गत आयोजना गरेको कार्यक्रममा करिब ४० जना क्रेता तथा बिक्रेताको सहभागिता रहेको थियो ।

बीटुबी बैठकमा महिला उद्यमी र सम्भावित क्रेताबीच प्रत्यक्ष व्यावसायिक छलफल तथा सम्पर्क स्थापित गराइएको थियो। कार्यक्रममा भएको सम्झौता अनुसार मिथिला चित्रकला, स्थानीय मसौरा, लहचुरा, बाँसका सामग्री, तरकारीलगायत स्थानीय उत्पादनको बिक्री-वितरण विस्तार हुने आयोजकले जनाएको छ ।

महिला उद्यमीले उत्पादन गरेका वस्तुका लागि बजार खोज्ने र नियमित क्रेतासँग सम्बन्ध स्थापित गर्ने उद्देश्यले बीटुबी बैठक आयोजना गरिएको हो। बैठकमा सहभागी क्रेता तथा बिक्रेताबीच उत्पादनको गुणस्तर, मूल्य, माग, आपूर्ति क्षमता तथा खरिद-बिक्रीका सम्भावनाबारे छलफल भएको थियो।

कार्यक्रममा सहभागी महिला उद्यमीहरूले उद्यम सञ्चालनका लागि सीप, स्रोत तथा अन्य सहयोग पाए पनि उत्पादनपछि बजार खोज्नु अझै चुनौतीपूर्ण रहेको८८ बताएका छन्। उत्पादनले बजार पाउने अवस्था सिर्जना हुँदा व्यवसायलाई निरन्तरता दिन थप उत्साह मिलेको उनीहरूको भनाइ छ ।

कार्यक्रममा सहभागी एक महिला उद्यमीले आफ्ना उत्पादनका सम्भावित क्रेतासँग प्रत्यक्ष भेटेर व्यवसाय विस्तारका विषयमा छलफल गर्न पाउनु महत्वपूर्ण अवसर भएको बताइन्। उनले उत्पादन गरेपछि बजार खोज्दै हिँड्नुपर्ने अवस्थाभन्दा नियमित क्रेतासँग जोडिन पाउँदा व्यवसायलाई दीर्घकालीन रूपमा अगाडि बढाउन सहज हुने बताइन् ।

आयोजकका अनुसार महिला उद्यमीलाई तालिम, सीप र व्यवसाय सञ्चालनका लागि सहयोग उपलब्ध गराउनुका साथै उनीहरूले उत्पादन गरेका वस्तुलाई बजार र क्रेतासँग जोड्नु आवश्यक भएकाले बीटुबी बैठक आयोजना गरिएको हो। महिला उद्यमीको बजार पहुँच विस्तारसँगै स्थानीय उत्पादनको बिक्री-वितरण र व्यावसायीकरणमा कार्यक्रमले सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

कार्यक्रममार्फत मिथिला क्षेत्रका स्थानीय उत्पादन तथा हस्तकलालाई व्यावसायिक बजारसँग जोड्ने प्रयास गरिएको छ। मिथिला चित्रकला, मसौरा, लहचुरा, बाँसका सामग्री तथा कृषि उत्पादनलाई थप बजारमा पुर्‍याउन महिला उद्यमी, निजी क्षेत्र तथा स्थानीय बजारबीचको सहकार्यलाई निरन्तरता दिनुपर्नेमा सहभागीहरूले जोड दिएका छन् ।

# रौतहटमा १०३ जनाको निःशुल्क आँखा परीक्षण

**टुडे समाचारदाता**

रौतहट । सडकमा घाम, धुलो, धुवाँ र प्रदूषणबीच लामो समयसम्म ड्युटीमा खटिने ट्राफिक प्रहरीको आँखाको स्वास्थ्यलाई लक्षित गर्दै रौतहटमा निःशुल्क आँखा परीक्षण गरिएको छ ।



७१ औं प्रहरी दिवस तथा विश्व दृष्टि दिवस-२०८३ को अवसरमा नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पतालले जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरसँगको सहकार्यमा गरुडा नगरपालिका-४ स्थित इलाका प्रहरी कार्यालय शिवनगरको परिसरमा स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरेको हो ।

कार्यक्रममा ट्राफिक प्रहरीसहित १०३ जनाको आँखा परीक्षण गरिएको थियो । परीक्षणका क्रममा आँखासम्बन्धी समस्या देखिएका तथा थप सुरक्षाको आवश्यकता रहेका व्यक्तिलाई चिकित्सकीय सल्लाहसँगै आवश्यक औषधि र सुरक्षा चश्मासमेत उपलब्ध गराइएको आयोजकले जनाएको छ ।

'आँखालाई माया गरौं, दृष्टिको रक्षा गरौं' भन्ने सन्देशसहित आयोजना गरिएको कार्यक्रमको उद्घाटन नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पतालका अध्यक्ष विजयकुमार सिंह र नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका प्रमुख एसपी ज्ञानेन्द्रबहादुर बस्नेतले संयुक्त रूपमा दीप प्रज्वलन गरेर गरेका थिए ।

सडकमा प्रत्यक्ष रूपमा खटिने ट्राफिक प्रहरीको काममा स्पष्ट दृष्टि अत्यन्त महत्वपूर्ण मानिन्छ । लगातार धुलो, धुवाँ, घाम तथा सवारीसाधनबाट निस्कने प्रदूषणको सम्पर्कमा रहँदा आँखामा समस्या आउन सक्ने भएकाले नियमित परीक्षणसँगै सुरक्षात्मक उपाय अपनाउनुपर्ने चिकित्सकहरूको सुझाव छ । कार्यक्रमले ट्राफिक प्रहरीको स्वास्थ्य सुरक्षालाई समेत प्रहरी दिवसको गतिविधिसँग जोड्दै नियमित स्वास्थ्य परीक्षण र सुरक्षात्मक सामग्रीको प्रयोगतर्फ ध्यानाकर्षण गराएको आयोजकको भनाइ छ । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सीताराम रिजाल, इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर आचार्य, जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख इन्स्पेक्टर राजेन्द्र थापामगरलगायत प्रहरी अधिकारी, सञ्चारकर्मी, बुद्धिजीवी तथा सुरक्षाकर्मीहरूको उपस्थिति थियो ।

# आलेखः वर्षा रोकियो, डर रोकिएन

पाल्पा । यही असोज ९ गते रातको करिब १ः०० बजेको थियो । एक्कासी घर तलबाट ठूलो बेगले ड्याङ्डुङ आवाज आयो । चिर निद्रामा हुनुभएका रिब्दीकोट गाउँपालिका सिरुखर्कका मीनबहादुर थापा ड्याङडुङको आवाज सुनेपछि निद्राबाट ब्युँझनुभयो । आँखा मिच्दै बाहिर निस्कँदा एक्कासी घरमुनिबाट ठूलो पहिरो खसेको देख्दा उहाँ अतालिनुभयो । घर तलबाट पहिरोले घर तान्न थालेपछि थापा हस्याङफस्याङ गर्दै मस्त निद्रामा रहेका आफ्ना श्रीमती र दुई छोराछोरी लिएर छिमेकीको घरमा पुग्नुभयो ।



अघिल्लो दिनदेखि चार दिनसम्म परेको अविरल वर्षापछि घर जोखिम भएपछि उहाँको परिवार केही दिन आफन्तकामा आश्रय लिन बाध्य भयो । अहिले वर्षा रोकिएपछि थापा परिवार आफ्नै घरमा फर्किएको छ । घरमुनिको भाग पहिरोले लगेपछि घर छाड्नुपर्ने अवस्था आएको थापाले सुनाउनुभयो । तल्लो भाग मात्र होइन, माथिल्लो भागमा जमिन फुटेपछि उहाँको चिन्ता झन् बढेको छ । "वर्षा रोकिए पनि बस्नै डर भएको छ, राति झिमिक्कै निद्रा लाग्दैन । अब कहाँ गएर बस्ने भन्ने चिन्ता छ", उहाँले भन्नुभयो, "अर्कासँग ऋण काढेर दुःखले बनाएको घर पहिरोले कतिबेला लान्छ थाहा छैन ।"

यस्तै तिनाउ गाउँपालिका कचलका थर्कबहादुर सारुको घर पनि पहिरोको उच्च जोखिममा छ । आफूसँग भएको त्यही एउटा घर पनि पहिराको जोखिममा परेपछि उहाँलाई न दिनमा भोक न रातमा निद्रा जस्तै भएको छ । दिनभर पहिरो गएको ठाउँमा आफूले दुःख गरेर बनाएको घर र पहिराले लगेको बारी हेरेर साँझपख छिमेकीको घरमा बास बस्दै आउनुभएको छ । उहाँले भन्नुभयो, "कमाउने आधार केही छैन, बल्लतल्ल दुःखले बनाएको घरको ऋण तिर्न अझसम्म सकेको छैन, त्यही घर पनि पहिरोले गर्दा बस्नै नहुने भयो । पानी आउन छोडे पनि पहिरोले घर कतिबेला ढल्छ थाहा छैन ।"

माथागढी गाउँपालिका-४ देउगीरका महेन्द्र केसीलाई पनि आजभोलि निद्रा पर्दैन । अझ पानी पर्न थाल्यो भने त रातभर जाग्राम बस्नुपर्छ । घर अगाडि सडक छियाछिया भएपछि घर जोखिममा छ । "पानी नपर्दा त ठिकै हो, पानीपर्‍यो भने त घरसमेत भत्काउँछ कि भन्ने चिन्ता छ", केसीले भन्नुभयो । उहाँको मात्र होइन, जमिन चिरिन थालेपछि वडा नं ४ को देवगीर (खलिपोखरा) बजारका स्थानीयको दैनिकीसँगै रातको निद्रासमेत हराउन थालेको छ ।

बासटारी-झडेवा-दुम्कीबास बहुप्रदेशीय सडकअन्तर्गत देवगीर बजारको बीच भागबाटै करिब २०० मिटर लामो धाँजा फाटेपछि सिङ्गो बजार पहिरोको उच्च जोखिममा परेको छ । सडक चिरिएसँगै यहाँका करिब ३० घरपरिवार जोखिममा छन् । विशेषगरी धाँजा फाटेको सडकको दक्षिणतर्फ रहेका घरपरिवार बढी जोखिममा छन् । बालकृष्ण न्यौपाने, महेन्द्र केसी, केशरजङ्ग श्रेष्ठ, अर्जुन श्रेष्ठलगायतका घरमा चिरा देखिएका छन् । सडकसमेत केही स्थानमा तल दबिएको छ । जमिन चिरिएपछि स्थानीयवासीले सम्भावित क्षति कम गर्न आफ्नैस्तरबाट प्रयास गरिरहेका छन् । वर्षात्को पानी चिराबाट जमिनभित्र नपसोस् भनेर धाँजा फाटेको ठाउँमा प्लास्टिक र त्रिपाल राखिएको छ ।

चार दिनदेखिको निरन्तर वर्षाले पाल्पाका ६८ घरपरिवार पहिरोको जोखिममा छन् । अधिकांश मोटरबाटो खनेका स्थानमा पहिरो खसेपछि बस्ती जोखिममा परेका हुन् । जमिनसँगै बसोबास गरिरहेका घरसमेत चिराचिरा परेपछि केही परिवार आफन्तको घरमा बसेका छन् भने कतिपय चर्किएकै घरमा बस्न बाध्य छन् ।

तानसेन नगरपालिका जैसीचौपारी, डाँडाडुम, रामपुर नगरपालिकाको होस्दीका घरसमेत पहिरोको जोखिममा छन् । जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई पठाएको प्रारम्भिक विवरणअनुसार यही असोज ८ गतेदेखि परेको अविरल वर्षाका कारण जिल्लाका विभिन्न स्थानमा बस्ती जोखिममा पर्नुका साथै मानवीय तथा भौतिक क्षति भएको हो । वर्षा र त्यसबाट उत्पन्न विपद्का कारण ३३ घरमा क्षति पुगेको छ भने ६८ घर जोखिममा छन् । दश गोठमा क्षति पुगेको छ भने थप आठ गोठ जोखिममा रहेका छन् । विपद्का कारण जोखिममा परेका २० परिवारका ९० जनालाई सुरक्षित स्थानमा सारिएको छ ।

बस्ती नै जोखिममा परेपछि प्रदेश सांसद, गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी र प्राविधिक इन्जिनियरको टोलीले माथागढी गाउँपालिकाको देवगीर क्षेत्रको स्थलगत निरीक्षण गरेको छ । संयुक्त निरीक्षणपछि उक्त क्षेत्र उच्च जोखिमयुक्त देखिएकाले भू-गर्भविद्मार्फत वैज्ञानिक अध्ययन गराउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले बताउनुभयो । सडक पूर्वाधार विकास कार्यालयका इन्जिनियर तेजप्रसाद अधिकारीका अनुसार प्रारम्भिक अवलोकनमै क्षेत्र जोखिमपूर्ण देखिएको छ । तर जमिन किन र कुन प्रकृतिले चिरिएको हो भन्ने वास्तविक प्राविधिक अवस्था विस्तृत भू-गर्भीय अध्ययनपछि मात्र स्पष्ट हुने उहाँको भनाइ छ ।

"हामीले प्रारम्भिक हेराइमा सो क्षेत्र जोखिमयुक्त नै पाएका छौं, तर वास्तविक प्राविधिक अवस्था भने भू-गर्भविद्को विस्तृत अध्ययनपछि मात्र स्पष्ट हुनेछ", अधिकारीले भन्नुभयो । भू-गर्भविद्को अध्ययन प्रतिवेदन नआएसम्म ठूला तथा भारी सवारीसाधन सञ्चालन गर्दा जोखिम बढ्नसक्ने भएकाले त्यस्ता सवारीमा रोक लगाइएको गाउँपालिका अध्यक्ष यमबहादुर चिदीले बताउनुभयो ।

माथागढी-४ को देवगीरमा मात्र होइन, गाउँपालिका-३ का विभिन्न स्थानमा पनि वर्षाले जमिन चिरिएको छ ।रासस

# स्थानीय तह निर्वाचन तयारी तीव्र



**टुडे समाचारदाता**

काठमाण्डू । निर्वाचन आयोगले स्थानीय तहको आगामी निर्वाचनलाई लक्षित गर्दै आफ्नो आन्तरिक तयारी तीव्र पारेको मुख्य निर्वाचन आयुक्त मानबहादुर कार्कीले बताएका छन् ।

सञ्चारकर्मीहरुसँग आयोगको कार्यालयमा भएको अनौपचारिक भेटघाटका क्रममा प्रमुख आयुक्त कार्कीले सरकारले तोक्ने मितिमा निष्पक्ष र विवादरहित ढङ्गले निर्वाचन सम्पन्न गर्न आयोग सदैव प्रतिबद्ध रहेको बताएका छन् ।

आगामी वैशाखमा स्थानीय तहका जनप्रतिनिधिहरूको कार्यकाल समाप्त हुने भएकाले संवैधानिक व्यवस्था र आवश्यकता अनुरूप स्थानीय निकायलाई लामो समयसम्म रिक्त नराखी समयमै निर्वाचन गराउने पक्षमा आयोग रहेको उनको भनाइ छ ।

यसैबीच, स्थानीय तह र प्रदेश सभाको निर्वाचन एकैसाथ गर्ने सम्भावनाबारे जिज्ञासा राख्दा प्रमुख आयुक्त कार्कीले कानुनी प्रावधान, संवैधानिक संरचना र व्यावहारिक आवश्यकताका आधारमा निर्णय हुने बताएका हुन् ।

सरकारले परामर्शका आधारमा आधिकारिक रूपमा निर्वाचनको मिति घोषणा गर्ने र त्यसैअनुसार आयोगले आफ्नो कार्ययोजना अघि बढाउने उल्लेख गर्दै उनले अहिले नै दुवै तहको चुनाव एकैसाथ हुने वा नहुने भन्ने कुरा निश्चित रूपमा भन्न सकिने अवस्था नरहेको स्पष्ट पारेका छन् ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रतिबद्धताबाट विमुख मधेश प्रदेश सरकार

मधेश प्रदेश सरकारमा सहभागी तीन दलले १५ बुँदे प्रतिबद्धता पत्रमा हस्ताक्षर गरी संयुक्त सरकार बनाएको थियो । नेकपा एमालेलाई सरकारमा भित्र्याउन र मधेश केन्द्रित दलहरुलाई सरकारबाट हटाउन नेपाली कांग्रेसका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले भूमिका खेलेका थिए । १५ बुँदे प्रतिबद्धताकै आधारमा सत्तामा साझेदारी गरेको एमाले र नेपाल कम्युनिष्ट पार्टी(नेकपा)ले जनाएका थिए । ती दुबै दलले १५ बुँदे प्रतिबद्धता कार्यन्वयन नभए सरकारबाट फिर्ता हुने अर्को प्रतिबद्धता जनाएका थिए । १५ बुँदे प्रतिबद्धताको मुख्य विषय मन्त्रालयको संख्या घटाउने र कर्मचारीहरु समायोजन गर्ने थियो । प्रतिबद्धता साउन महिनादेखि कार्यान्वयन गर्ने जनाइएको थियो । असोज महिना बित्न लाग्दा पनि १५ बुँदे प्रतिबद्धताको एउटा पनि बुँदा कार्यान्वयन भएको छैन । मुख्यमन्त्रीलगायत मन्त्रीहरुले कर्मचारी सरुवा, काज फिर्ता र काजमा खटाइने लगायतका कामलाई प्राथमिकताको साथ अगाडि बढाएको छ । सरुवा, काज फिर्ता र काजमा खटाउन कर्मचारीहरुसित मोटो रकम मन्त्रीहरुले असुल गरिरहेका छन् । सरकारले प्रदेशवासीको हित भन्दा निजी हितमा केन्द्रित भएर मोटो रकम कमिसन आउने कामलाई महत्व दिएको छ । सरकारमा सहभागी तीनै पार्टी संसदीय दलका नेताहरुले एक अर्कामाथि आरोप प्रत्यारोप गरे पनि सबै मिलेमतोमा नै कर्मचारीहरुबाट रकम असुली गरिरहेका छन् । एउटाले अर्कालाई दोष दिए पनि आर्थिक चलखेलमा तीनै दलका नेताहरुको सहमति र सहभागिता रहेको छ । एमाले र नेकपाले कांग्रेसमाथि दोषारोपण गरे पनि यथार्थमा तीनै दलका नेताहरु मिलेका छन् । उनीहरुले प्रदेशवासी र कर्मचारीहरुलाई भ्रमित गर्न एकअर्कामाथि आरोप लगाउने गरेका छन् । हुन त कयौं कर्मचारीसित रकम लिइसके पनि उनीहरुको काम मन्त्रीले गरेका छैनन् । भारतीय रुपैयाँ समेत मन्त्रीहरुले कमिसन लिने गरेको बुझिएको छ । नेकपा एमाले संसदीय दलका नेता समेत रहेका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले प्रतिबद्धता कार्यान्वयन नभए असोज १ गतेबाट नै सरकारबाट बाहिरिने धम्की दिएका थिए । तर असोज २२ गते बितिसक्दा पनि सरकारबाट एमाले हटेको छैन । नेकपा दलका नेता युवराज भट्टराईको भनाइ र गराइमा तारतम्य छैन । प्रदेश सरकारको एक सुत्रीय प्राथमिकता आर्थिक चलखेल नै हो । सरकार गठन भएको एक वर्ष हुन लागेको छ । तर प्रदेशवासीले प्रदेशमा सरकार रहेको अनुभुति गर्न सकेको छैन । प्रदेश सरकारको काम कारबाही मन्त्रीहरुको आर्थिक उगाही नै प्रमुख हो । देशका ठूला तीन दलको गठबन्धन प्रदेशमा चरम भ्रष्टाचार गर्नुबाहेक केही देखिदैन । उनीहरुको भ्रष्ट क्रियाकलापको कारण प्रदेशप्रति आमनागरिकमा वितृष्णा बढन थालेको छ । संघीयताको जननी मानिएको मधेश प्रदेशमा समेत ठूला दलहरुको सरकार बनेदेखि भ्रष्टाचार चुलिएको छ ।

# प्राविधिक शिक्षातर्फ युवाको आकर्षण घट्दो



● भरत सहनी

नेपालबाट हरेक वर्ष लाखौ युवा रोजगारीको खोजीमा श्रम बजारमा प्रवेश गर्छन् । राज्यको अपेक्षा हुन्छः उनीहरूले देशभित्रै सम्मानजनक रोजगारी पाऊन्, उद्योगले दक्ष जनशक्ति पाओस् र उत्पादन तथा उत्पादकत्व बढोस् । तर विडम्बना के छ भने, दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले विस्तार गरिएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (टिभेट) तर्फ नै युवाको आकर्षण घट्दै गएको देखिन्छ ।

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकासका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) को स्थापना २०४५ सालमा भएको हो । सीटीईभीटीको वार्षिक प्रतिवेदन २०८२ अनुसार नेपालमा ६७ वटा आङ्गिक शिक्षालय, ५८ वटा साझेदारी शिक्षालय, ६३९ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) विद्यालय, ४३९ वटा प्रि-डिप्लोमा तथा डिप्लोमा तहका निजी शिक्षालय र १,८५० वटा छोटो अवधिको सीपमूलक तालिम सञ्चालन गर्ने निजी संस्थाहरू सीटीईभीटीमा आबद्ध छन् । संख्यात्मक हिसाबले हेर्दा नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने संस्थाको कमी देखिँदैन । तर प्रश्न संस्थाको संख्या कति छ, भन्ने मात्र होइन । ती संस्थामा विद्यार्थी किन आकर्षित भइरहेका छैनन्? यो अहिलेको सबैभन्दा गम्भीर प्रश्न हो ।

### सिट छन्, विद्यार्थी छैनन्

सीटीईभीटीको वार्षिक प्रतिवेदन २०८२ को तथ्याङ्कले प्राविधिक शिक्षाप्रतिको घट्दो आकर्षणलाई स्पष्ट रूपमा देखाउँछ । डिप्लोमा तहमा ५३,३४४ विद्यार्थी भर्ना गर्न सकिने क्षमता रहेकामा २४,६७८ जना अर्थात् ४६.२६ प्रतिशत मात्र विद्यार्थी भर्ना भएका छन् । त्यस्तै, प्रि-डिप्लोमा तहमा २२,३८२ को क्षमता रहेकामा ४,९९३ अर्थात् २१.८६ प्रतिशत मात्र विद्यार्थी भर्ना भएका छन् । छात्रवृत्तिको अवस्था अझ सोचनीय छ । डिप्लोमा तहमा २,९३७ छात्रवृत्ति कोटा रहेकामा २,१११ जना मात्र सहभागी भएका छन् । प्रि-डिप्लोमा तहमा ७८२ छात्रवृत्ति कोटा रहेकामा १५१ जना मात्र सहभागी भएको तथ्याङ्कले देखाउँछ । अर्थात् राज्यले निःशुल्क अध्ययनको अवसर उपलब्ध गराउँदासमेत सबै कोटा उपयोग हुन सकेका छैनन् । यसलाई केवल विद्यार्थीको अनिच्छा भनेर बुझ्नु पर्याप्त हुँदैन । यसले हाम्रो प्राविधिक शिक्षा प्रणाली र श्रम बजारबीचको सम्बन्धमा रहेको गहिरो खाडलतर्फ संकेत गर्छ ।

### तीन वर्ष पढेपछि के हुन्छ?

आजको युवा पुस्ता धेरै व्यावहारिक छन् । उसले कुनै विषय पढ्नुअघि एउटा महत्वपूर्ण प्रश्न सोध्छ "यो पढेपछि मेरो भविष्य के हुन्छ?" तीन वर्ष वा सोभन्दा बढी समय लगाएर डिप्लोमा तह पूरा गरेपछि स्वदेशमा पाइने रोजगारी र आम्दानी वैदेशिक रोजगारीको तुलनामा आकर्षक नदेखिएमा विद्यार्थीले स्वाभाविक रूपमा अर्को विकल्प खोज्छ । वैदेशिक रोजगारीमा जाने साथी वा आफन्तले तुलनात्मक रूपमा राम्रो आम्दानी गरिरहेको देख्दा स्वदेशमा प्राविधिक शिक्षा लिएर बस्ने निर्णय युवाका लागि कठिन बन्छ । देशभित्र प्राविधिक जनशक्ति उत्पादन भइरहँदा पनि उद्योग तथा निर्माण क्षेत्रमा आवश्यक कामदारका लागि विदेशी वा भारतीय श्रमिकमा निर्भर हुनुपर्ने अवस्था आफैंमा गम्भीर विरोधाभास हो । यसले प्रश्न उठाउँछ "हामीले उत्पादन गरिरहेको जनशक्ति र उद्योगले खोजिरहेको जनशक्तिबीच कति सम्बन्ध छ"?

शिक्षालय छन्, तर प्रयोगशाला र उपकरण?

प्राविधिक शिक्षा नाममै प्राविधिक भएर पुग्दैन । यसको मूल आधार व्यावहारिक सीप हो । तर कतिपय शिक्षालयमा आवश्यक उपकरण, प्रयोगशाला र प्रशिक्षकको अभाव रहेको छ । फलस्वरूप विद्यार्थीले सैद्धान्तिक ज्ञानमै सीमित हुनुपर्ने अवस्था सिर्जना हुन्छ । सीप सिक्ने उद्देश्यले प्राविधिक शिक्षा रोजेको विद्यार्थीले पर्याप्त समय वास्तविक उपकरणमा काम गर्न पाएन भने उसले प्रमाणपत्र त पाउन सक्छ, तर श्रम बजारमा प्रतिस्पर्धा गर्न आवश्यक आत्मविश्वास र दक्षता नपाउन सक्छ । यहीँबाट एउटा महत्वपूर्ण प्रश्न उठ्छ "हामी प्रमाणपत्र उत्पादन गरिरहेका छौं कि दक्ष जनशक्ति"? यदि प्राविधिक शिक्षालयबाट निस्किएको विद्यार्थीले उद्योगमा पुगेपछि फेरि आधारभूत सीप सिक्नुपर्ने अवस्था छ भने शिक्षा र रोजगारीबीचको सम्बन्ध पुनःविचार गर्नैपर्छ ।

### उद्योग र शिक्षालयबीचको दूरी

प्राविधिक शिक्षाको सफलता शिक्षालयभित्र मात्र निर्धारण हुँदैन । यसको वास्तविक परीक्षा कार्यस्थलमा हुन्छ । तर उद्योग र शिक्षालयबीचको सम्बन्ध अझै कमजोर रहेको देखिन्छ । बजारमा कस्तो सीप भएको जनशक्तिको माग छ, भन्ने सूचना शिक्षालयसम्म पर्याप्त रूपमा पुग्न नसक्दा पाठ्यक्रम र प्रशिक्षण श्रम बजारको वास्तविक आवश्यकताबाट टाढा हुन सक्छ । विकसित देशहरूमा उद्योगहरूले आवश्यक जनशक्ति तयार गर्न शिक्षालयसँग प्रत्यक्ष सहकार्य गर्छन् । विद्यार्थीले पढ्दापढ्दै प्रशिक्षार्थीका रूपमा उद्योगमा काम गर्ने अवसर पाउँछन् । यसबाट विद्यार्थीले सीप, अनुभव र प्रोत्साहन रकम प्राप्त गर्छ भने उद्योगले आफ्नो आवश्यकताअनुसारको सम्भावित जनशक्ति तयार गर्न सक्छ । नेपालमा पनि औद्योगिक प्रशिक्षार्थी तालिम, कार्यस्थलमा सिकाइ र उद्योगमा आधारित सिकाइलाई प्रभावकारी रूपमा विस्तार गर्न सकियो भने यो दूरी घटाउन सकिन्छ ।

### चौथो औद्योगिक क्रान्ति र पुरानो प्रविधि

विश्व अहिले आर्टिफिसियल इन्टेलिजेन्स, अटोमेसन र सूचना प्रविधिको तीव्र विकाससँगै चौथो औद्योगिक क्रान्तितर्फ अघि बढिरहेको छ । यस्तो अवस्थामा प्राविधिक शिक्षाको अर्को महत्वपूर्ण चुनौती हो । धेरै प्राविधिक धारका प्रशिक्षकहरू अझै पुराना प्रविधि र उपकरणमा आधारित शिक्षण गरिरहेको अवस्था छ । प्रशिक्षक आफैं नयाँ प्रविधि, आधुनिक उपकरण र बदलिँदो उद्योग प्रक्रियासँग परिचित हुन सकेन भने उसले तयार गर्ने जनशक्ति आधुनिक श्रम बजारमा कसरी प्रतिस्पर्धा गर्न सक्छ? त्यसैले प्रशिक्षकको नियमित अप-स्किलिंग र रि-स्किलिंग अब विकल्प होइन, अनिवार्यता हो ।



### प्राविधिक शिक्षा कमजोर विद्यार्थीका लागि मात्र हो?

प्राविधिक शिक्षाप्रतिको सामाजिक दृष्टिकोण पनि यसको आकर्षण घट्नुको एउटा कारण हो । "साधारण शिक्षामा राम्रो अंक ल्याउन नसक्नेले मात्र प्राविधिक शिक्षा पढ्छ" भन्ने गलत धारणा अझै समाजमा विद्यमान छ । यसले प्राविधिक शिक्षालाई दोस्रो दर्जाको शिक्षाका रूपमा बुझ्ने मानसिकता सिर्जना गरेको छ । तर वास्तविकता फरक छ । आधुनिक उद्योगमा काम गर्ने प्राविधिक जनशक्तिलाई गणित, विज्ञान, समस्या समाधान, प्रविधि प्रयोग, अनुशासन र व्यवहारिक दक्षताको संयोजन आवश्यक हुन्छ । त्यसैले सीप कुनै पनि हिसाबले सामान्य शिक्षाभन्दा कम मूल्यवान् होइन । हामीले "श्रमको सम्मान" र "सीपको सम्मान" गर्ने संस्कृतिको विकास नगरेसम्म प्राविधिक शिक्षातर्फ उत्कृष्ट विद्यार्थी आकर्षित गर्न कठिन हुनेछ ।

### अबको बाटो के?

अब नेपालले प्राविधिक शिक्षामा संख्यात्मक विस्तारभन्दा गुणात्मक सुधारलाई प्राथमिकता दिनुपर्छ । पहिलो, पाठ्यक्रमलाई श्रम बजारको मागअनुसार नियमित रूपमा परिमार्जन गर्नुपर्छ । दोस्रो, उद्योग र शिक्षालयबीचको सहकार्यलाई औपचारिक र परिणाममुखी बनाउनुपर्छ । तेस्रो, औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम तथा कार्यस्थलमा आधारित सिकाइलाई प्रभावकारी रूपमा विस्तार गर्नुपर्छ । चौथो, प्रयोगशाला, उपकरण र प्रशिक्षकको गुणस्तर सुधार गर्नुपर्छ । त्यसैगरी, आर्टिफिसियल इन्टेलिजेन्स, अटोमेसन, डिजिटल प्रविधि जस्ता नयाँ प्रविधिसँग सम्बन्धित सीपलाई पनि प्राविधिक शिक्षामा समेट्नुपर्छ । आजको उद्योगले हिजोको सीप मात्र खोजिरहेको छैन, उसलाई बदलिँदो प्रविधिसँग अनुकूल हुन सक्ने जनशक्ति चाहिएको छ । सबैभन्दा महत्वपूर्ण कुरा, प्राविधिक शिक्षालाई रोजगारी र स्वरोजगारीसँग जोड्नुपर्छ । विद्यार्थीले प्राविधिक शिक्षा रोजेपछि उसको अगाडि स्पष्ट वृत्ति मार्ग देखिनुपर्छ ।

### छात्रवृत्ति मात्र पर्याप्त छैन

विद्यार्थीलाई प्राविधिक शिक्षामा आकर्षित गर्न छात्रवृत्ति महत्वपूर्ण माध्यम हो । तर छात्रवृत्ति मात्र पर्याप्त हुँदैन । विद्यार्थीले सोध्ने प्रश्न हो "छात्रवृत्ति पाएँ, पढैं; त्यसपछि रोजगारी कहाँ छ?" यदि शिक्षा र रोजगारीबीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्न सकिएन भने आर्थिक प्रोत्साहनले मात्र विद्यार्थीलाई दीर्घकालसम्म आकर्षित गर्न सक्दैन। त्यसैले छात्रवृत्तिसँगै सीप, उद्योग अनुभव, वृत्ति परामर्श, रोजगार लिंकेज र उद्यमशीलतालाई पनि जोड्न आवश्यक छ ।

### निष्कर्षः अब प्रमाणपत्र होइन, परिणाम खोजौ

नेपालमा प्राविधिक शिक्षाका लागि संस्थागत संरचना बनिसकेको छ । शिक्षालय छन्, कार्यक्रम छन्, छात्रवृत्ति छन् र राज्यको लगानी पनि छ । तर यी सबैको अन्तिम मूल्याङ्कन कति विद्यार्थी भर्ना भए भन्नेबाट मात्र होइन, कति विद्यार्थी वास्तवमै दक्ष भए, कति रोजगारीमा जोडिए र उद्योगको उत्पादकत्वमा कति योगदान गरे भन्नेबाट हुनुपर्छ । अबको टिभेट प्रणालीले एउटा स्पष्ट चक्र निर्माण गर्नुपर्छ, त्यो हो, सीप कार्यस्थल अनुभव रोजगारी/स्वरोजगारी सम्मानजनक आम्दानी उत्पादकत्व । जब विद्यार्थीले प्राविधिक शिक्षा रोज्नु भनेको केवल अर्को प्रमाणपत्र लिनु होइन, सम्मानजनक भविष्य निर्माण गर्नु हो भन्ने विश्वास गर्न थाल्छन्, तब मात्र यसको आकर्षण बढ्नेछ । प्राविधिक शिक्षालाई खाली भवन, अधुरो प्रयोगशाला र बेरोजगार प्रमाणपत्रधारी उत्पादन गर्ने केन्द्र बन्नबाट रोक्न अब ढिला गर्नु हुँदैन । राज्य, सीटीईभीटी, प्रदेश तथा स्थानीय सरकार, शिक्षालय, उद्योग र निजी क्षेत्रबीचको सहकार्यलाई नयाँ ढंगले परिभाषित गर्न आवश्यक छ ।

युवालाई प्राविधिक शिक्षा रोज्न आग्रह गरेर मात्र हुँदैन, उनीहरूले प्राविधिक शिक्षा रोज्नु सार्थक छ भन्ने प्रमाण दिनुपर्छ । अन्ततः प्रश्न "नेपालमा कति वटा प्राविधिक शिक्षालय छन्?" भन्ने होइन । मुख्य प्रश्न हो "यी शिक्षालयबाट उत्पादन भएको जनशक्तिले नेपालको श्रम बजारमा कति मूल्य सिर्जना गरिरहेको छ?" यस प्रश्नको सही उत्तर खोज्न सक्यौं भने मात्र प्राविधिक शिक्षातर्फ युवाको घट्दो आकर्षणलाई पुनः बढ्दो विश्वासमा बदल्न सकिन्छ ।

# शिक्षकबाट कृषिउद्यमी बनेका फेन्चु अरुका लागि अनुकरणीय

वासुदेव पौडेल र वसन्त भण्डारी



हेटौंडा उपमहानगरपालिका-१३ पदमपोखरी आदामारका ३७ वर्षीय युवा फेन्चु लामा आजभन्दा १० वर्षअघिसम्म शिक्षण पेसामा आबद्ध हुनुहुन्थ्यो । गणित विषयमा स्नातक तथा योजना व्यवस्थापनमा स्नातकोत्तरसम्म अध्ययन गर्नुभएका लामाले मनहरी गाउँपालिका-१ मकरीस्थित बालजीवन ज्योति माध्यमिक विद्यालयमा अध्यापन गरिहँदा उहाँमा कृषि उद्यमतर्फको रुचि जागेर आयो ।

आफ्नो रुचि र जाँगरसँगै परिवारको साथ र समर्थनका जगमा कृषिको व्यावसायिकतामा लागेका लामा अहिले हेटौंडाकै एउटा नमुना कृषि उद्यमीका रुपमा परिचित हुनुहुन्छ । विसं २०७३ देखि बाख्रापालन थाल्नुभएका उहाँ छ वर्षदेखि ड्रागनको खेती गर्दै आउनुभएको छ ।

पदमपोखरीमा एमएनएस एग्रो प्रालि सञ्चालन गर्दै उहाँले त्यसै कम्पनिमार्फत करिब ३० कट्ठा जमिनमा ड्रागनखेती गरिहनुभएको छ । त्यस्तै उहाँले ड्रागनखेतीसँगै विभिन्न अन्तरबाली पनि लगाउनुभएको छ । उहाँको फार्ममा करिब १० मेट्रिकटन क्षमताको शीतभण्डार, पोलीहाउस संरचना, सिँचाइ पूर्वाधार तथा मिनीटिलर र ट्र्याक्टरसहितको यान्त्रिकीकरण उपयोग गरिएको छ । उहाँले फार्मसँगै कृषि सामग्रीका लागि मिमा सप्लायर्स र पशु स्वास्थ्यका लागि मिमा भेट फार्म पनि सञ्चालन गर्दै आउनुभएको छ ।

समाजमा आधुनिक कृषि प्रविधिको विकाससँगै कृषि पर्यटन, रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ सुरुमा बाख्रापालनबाट उहाँले व्यावसायिकतामा हात हाल्नुभएको हो । सुरुमा घरमा नै १५ वटा बाख्रा रहेकामा उहाँले क्रमशः बाख्रा थप्दै १०० वटासम्म बाख्रा पालेको अनुभव सुनाउनुभयो ।

बुबा रत्नकुमार लामाले २०५३ सालदेखि पदमपोखरीमा सञ्चालन गर्नुभएको एग्रेभेटले जगाएको कृषिप्रतिको इच्छा, बुबासँगै आमा सुमित्राकुमारीको प्रेरणा र श्रीमती सपनाको निरन्तरको साथ र सहयोगले उहाँ कृषिका बहुविकल्पलाई अँगाल्ने कृषिउद्यमीका रुपमा परिचित बन्नुभएको छ । शिक्षण पेसाबाट व्यावसायिक कृषिमा लम्कनका लागि पदमपोखरी चोकमा बुबा रत्नकुमारले सञ्चालन गर्दै आउनुभएको एग्रोभेट पसल महत्वपूर्ण माध्यम बन्न पुगेको उहाँको भनाइ छ ।

उक्त एग्रेभेटमा किसान सधैं आफ्ना समस्या र समाधान खोज्दै आउने र त्यहाँ बस्दा किसानका कुरा सुनेपछि आफूहरू उत्पादनमा लाग्नुपर्छ भन्ने भावना जागृत बनेको उहाँले अनुभव सुनाउनुभयो । नेपाल पूर्ण रूपमा आयातमा निर्भर भएका अवस्थामा उत्पादनमा नलाग्ने हो भने देशमा परिवर्तन आउन नसक्ने ठहरसहित आफू व्यावसायिक कृषिमा होमिएको उहाँको तर्क छ ।

कृषिको व्यावसायिकता तथा उत्पादनमूलक क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोचका साथ बाख्रापालनबाट यस क्षेत्रमा लाँदैगर्दा ड्रागन फलको बजारमा उच्च मूल्य, बोयर बाख्राको उन्नत जात र सयपत्री फूलको बढ्दो माग आदिलाई दृष्टिगत गर्दै यसतर्फ आकर्षित बन्न पुगेको उहाँले बताउनुभयो । ड्रागनबाट व्यावसायिक उत्पादन लिन कम्तीमा पाँच वर्षको धैर्यता चाहिने बताउँदै उहाँले फल पाक्नेबेला चराचुरुङ्गीले करिब १० प्रतिशतसम्म क्षति पुऱ्याउने, ढुसीजन्य रोगको प्रकोप देखिनेजस्ता विभिन्न समस्या आउने बताउनुभयो ।

आफ्नो फार्ममा चराबाट बचाउन 'बर्ड नेट' र फललाई सुरक्षित राख्न 'ब्यागिङ'को काम गरिएको उहाँले जानकारी दिनुभयो । अन्तरबालीअन्तर्गत मेवा, सयपत्री आदिको समेत उत्पादन गर्दै आएका उहाँले वार्षिक ड्रागन फलबाट वार्षिक ३० लाख रुपैयाँ बराबरको उत्पादन गर्नुभएको छ भने पाँच लाख रुपैयाँ बराबरको मेवा उत्पादन गर्नुभएको छ ।

त्यस्तै, उहाँले वार्षिक एक लाख रुपैयाँसम्मको सयपत्रीको उत्पादन गरिहनुभएको छ । उहाँको फार्ममा हाल १० हजार बोट ड्रागन फलका बोटसँगै ५०० को सत्ख्यामा मेवाका बोट रहेका छन् ।

लामाको फार्म पूर्ण रूपमा पारिवारिक जनशक्ति र ज्ञानमा आधारित रहेको छ । प्राविधिक अनुभवसहित उहाँका बुबा यसमा सक्रिय हुनुहुन्छ भने श्रीमतीको कृषिकै अध्ययन र आफू पनि स्नातकोत्तर गरेपछि जेटिए पढेर कृषिसम्बन्धी विशेष तालिम लिनुभएको छ । उहाँहरूको परिवार सबै एकताबद्ध रुपमा फार्ममा खटिरहेको छ भने अन्य चार जना स्थायी कामदार रहेका छन् । मुख्य याममा भने थप ४०० जनासम्मका मजदुर खटाउने गरिएको छ ।

पछिल्ला वर्षमा फार्ममार्फत अरूलाई पनि सिकाएर कृषिमा काम गर्नसक्ने दक्ष बनाएको उहाँले बताउनुभयो । यहाँको सफलता देखेर पछिल्ला समयमा ठाउँठाउँबाट उहाँसँग जान्न र सिक्न आउनेको सत्ख्या पनि बढ्दो छ । जान्न तथा बुझ्न चाहनेलाई आफूले जानेका, भोगेका सीप र अनुभव बाँड्दै आउनुभएको छ ।

निरन्तरको लगाव र मेहनतकै कारण उहाँले स्थानीय तहदेखि प्रदेश र राष्ट्रियस्तरसम्मका विभिन्न उत्कृष्ट कृषक सम्मानसमेत प्राप्त गरिसक्नुभएको छ । उहाँले २०७९ सालमा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार प्राप्त गर्नुभएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आयोजनामा सञ्चालित जिल्लास्तरीय राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमअन्तर्गत मकवानपुर जिल्लाबाट उक्त वर्षको उत्कृष्ट कृषकमा उहाँ छनोट हुनुभएको थियो ।

हेटौंडा उपमहानगरपालिकाको ५५औं नगर दिवसका अवसरमा उहाँलाई एम एन एस एग्रो प्रालि स्थापना गरी ड्रगन फल, मेवा, खरबुजा, एभोकाडोलगायतका फलफूल, सयपत्री फूल, तरकारीखेती, नर्सरी र बाख्रापालन व्यावसायिक रूपमा सञ्चालन गरी स्वदेशमै रोजगारी सिर्जना गरी युवाका लागि प्रेरणाको स्रोत बनेको भन्दै सिर्जनकशील कृषक सम्मान २०८० बाट उहाँलाई सम्मान गरिएको थियो ।

प्रदेश कृषि थोकबजार हेटौंडा-११, थानाभऱ्याङमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश र हेटौंडा उपमहानगरपालिकाको संयुक्त आयोजनामा यसैवर्ष असार ११-१३ गते सम्पन्न ड्रागन फ्रुट महोत्सव-२०८३ को प्रविधि प्रदर्शन विधामा एम एन एस एग्रो प्रालिका सञ्चालकका रूपमा उहाँले प्रथम पुरस्कार प्राप्त गर्नुभएको थियो । लामाले आगामी दिनमा केबल उत्पादनमा मात्र नभई उत्पादित वस्तुको प्रशोधन गरी अन्य बहु प्रकृतिका उत्पादनलाई बजारमा लैजाने सोच राख्नुभएको छ । उहाँले ड्रागन फलबाट जुस, क्यान्डी र वाइन बनाउने सोच अघि सार्नुभएको छ ।

राज्यका प्रणालीगत समस्या समाधान गर्नुपर्ने सुझाव

कृषि क्षेत्रका प्रणालीगत रुपमा देखिएका समस्या समाधानका लागि राज्यको चासो पुग्नुपर्ने उहाँको भनाइ छ । कृषिप्रतिको आकर्षण बढाउनका लागि समयमा मल नपाइनु, गुणस्तरीय बीउको अभाव, कृषि बिमाको झन्झट र स्थिर बजार नहुनेलगायतका समस्या समाधानका लागि राज्यको चासो पुग्नुपर्ने उहाँको भनाइ छ ।

राज्यको नीतिहरू कृषकमैत्री बन्नुपर्ने बताउँदै उहाँले कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारणसँगै डिजिटल बजारको पहुँच बढाउनु जरुरी रहेको बताउनुभयो । राम्रो उत्पादनका लागि गुणस्तरीय बीउ आवश्यक हुने आफ्नो अनुभवले देखाएको बताउँदै उहाँले आफ्नो फार्ममा करिब पाँच हजार पुराना ड्रागन फलका बोट फालेर नयाँ बोट लगाएको जानकारी दिनुभयो ।

कृषिकर्मका लागि पारिवारिक सहयोग तथा समर्थन पनि उत्तिकै अपरिहार्य हुने उहाँको अनुभव छ । "मैले शिक्षण पेसा छोडेर कृषिमा लाग्दा सुरुसुरुमा धेरैले धेरै कुरा भने", उहाँले विगत सम्झँदै भन्नुभयो, "आफ्नो व्यावसायिक यात्रामा बाहिरका व्यक्तिले के भन्छन्भन्दा पनि आफ्नो निरन्तरको लगाव र परिवारको साथ सहयोगले नै मलाई यो अवस्थामा पुऱ्याएको हो ।"

लामाले गरेको व्यावसायिक कृषिको सिको पछिल्लो समयमा यहाँका धेरै स्थानीयले गर्न थालेका छन् । पछिल्ला समयमा पदमपोखरीमा व्यावसायिक कृषिको विकासका लागि हेटौंडा उपमहानगरपालिकासहित सरकारी निकायले पनि निरन्तर साथ सहयोग पुऱ्याइरहेको उहाँले बताउनुभयो ।

पदमपोखरीमा व्यावसायिक कृषिप्रतिको आकर्षण र सम्भावना देखेर नै कृषि विकास कार्यालय चितवनमार्फत समुदायमा आधारित 'एक वडा एक कृषि उत्पादन' कार्यकमअन्तर्गत मेवाखेती गरिएको छ । आधामा र कृषक समूहका रुपमा यहाँका यहाँका १०४ जना कृषक समूहमा आबद्ध भई मेवाखेती गरिरहेको समूहका अध्यक्षसमेत रहेका लामाले जानकारी दिनुभयो । उहाँका अनुसार पदमपोखरीमा मात्रै हाल ३० हजार संख्यामा मेवाका बोट रहेका छन् ।

राम्रो मेहनत गर्नसकेमा रोजगारीका लागि विदेशिनुपर्ने अवस्था नरहेको बताउँदै उहाँले स्वदेशमा नै व्यावसायिक कृषिबाट स्वरोजगार बन्दै अरुलाई पनि रोजगारी दिन सकिने अनुभव सुनाउनुभयो । "यहीँ केही गर्नसकेमा इज्जतसँगै पैसा पनि कमाउन सकिन्छ", उहाँले थप्नुभयो, "हाम्रो यहाँको भूगोलमा व्यावसायिक कृषिका धेरै सम्भावना रहेका छन्, तर यसप्रतिको लगाव तथा समर्पण भने अपरिहार्य छ ।" कृषिउद्यमलाई पर्यटनसँग पनि जोड्न सकिने बताउँदै उहाँले देशको आर्थिक समृद्धिका लागि कृषि उपयुक्त विकल्प भएको बताउनुभयो ।

# एमालेको स्थानीय तहका कमिटीको अधिवेशन मिति तय




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को आज बसेको स्थायी कमिटी बैठकले पार्टीका स्थानीय तहका कमिटीअन्तर्गतका अधिवेशनको मिति तय गरेको छ । पार्टीका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय च्यासलमा बसेको स्थायी कमिटीको प्रथम बैठकले वडा कमिटीको अधिवेशन आगामी मङ्सिर २६ गते र पालिका कमिटीको अधिवेशन पुस ४ गते गर्ने निर्णय गरेको हो ।

बिहीबारको बैठकको प्रारम्भमा केन्द्रीय कमिटीको तेस्रो बैठकबाट पार्टीको वरिष्ठ नेतामा मनोनीत हुनुभएकी विद्यादेवी भण्डारीले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । बैठकले आगामी मङ्सिरको पहिलो साता राष्ट्रिय भेला आयोजना गर्ने निर्णय गरेको एमालेका प्रचार विभाग प्रमुख निरज आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार भेलामा प्रदेश कमिटीका पदाधिकारी, जिल्ला कमिटीका पदाधिकारी, पालिका कमिटीका अध्यक्ष तथा उपाध्यक्ष र विभिन्न तहका जनप्रतिनिधिको सहभागिता रहनेछ ।

स्थानीय तहका वडा र पालिका अधिवेशन सम्पन्न भएपछि प्रदेशस्तरीय भेला आयोजना गर्ने निर्णय पनि बैठकले गरेको आचार्यले जानकारी दिनुभयो ।

यसैगरी, मधेस प्रदेशसभामा समानुपातिकतर्फ रौतहट जिल्लाबाट प्रतिनिधित्व गर्नुभएकी जैनब खातुनको निधनपछि रिक्त भएको स्थानमा समानुपातिक सूचीकी उम्मेदवार नाजमा खातुनलाई मनोनयन गरी निर्वाचन आयोगमा लेखी पठाउने निर्णय बैठकले गरेको प्रचार विभाग प्रमुख आचार्यले बताउनुभयो ।

बैठकले पार्टीका १३ जिल्लामा रिक्त जिल्ला अध्यक्षको पद जिल्ला तहकै निर्णयबाट पूर्ति गरी सम्बन्धित सङ्गठन कमिटीमा रुपान्तरण गर्ने र त्यसलाई माथिल्लो कमिटीबाट अनुमोदनका लागि पठाउने निर्णय गरेको छ । स्थायी कमिटीको बैठक शुक्रबार पुनः बस्नेछ । रासस

# उर्जामन्त्रीद्वारा ऊर्जा प्रणाली विविधीकरण र लगानीमैत्री नियमनमा जोड



काठमाण्डु । उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले ऊर्जामा आधारित अर्थतन्त्र निर्माणलाई राष्ट्रिय प्राथमिकतामा राखिएकाले विद्युत् क्षेत्रको नियामकीय निकायले लगानीकर्ता, उपभोक्ता र अन्य सरोकारवालाको विश्वास जित्नेगरी काम गर्नुपर्ने बताउनुभएको छ ।

विद्युत् नियमन आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका काम समेटिएको वार्षिक प्रतिवेदन बुझ्ने क्रममा बिहीबार मन्त्री श्रेष्ठले नियामकीय निर्णय र नीति निर्माणमा बजारको आवश्यकता तथा सरोकारवालाको चासोलाई ध्यान दिनुपर्ने बताउनुभयो ।

मन्त्री श्रेष्ठसमक्ष आयोगका अध्यक्ष डा रामप्रसाद धितालले वार्षिक प्रतिवेदन हस्तान्तरण गर्नुभयो । त्यस क्रममा मन्त्री श्रेष्ठले पछिल्ला विपद्का घटनाले नेपालको ऊर्जा प्रणालीको विविधीकरणबारे नयाँ ढङ्गले सोच्नुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो ।

ऊर्जामिश्रणलाईविविधीकरण गर्दै ऊर्जा सुरक्षालाई बलियो बनाउनुपर्ने उहाँको भनाइ थियो । आयोगले नियामकीय व्यवस्था तयार गर्दा लगानीकर्तासहित सरोकारवालासँग पर्याप्त समन्वय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । ऊर्जा क्षेत्रमा ठूलो लगानी आवश्यक रहेको अवस्थामा स्पष्ट, अनुमानयोग्य र विश्वासिलो नियामकीय वातावरणले मात्रै लगानी आकर्षित गर्न सक्ने उहाँको धारणा थियो ।

आयोगको वार्षिक प्रतिवेदनमा विद्युत् क्षेत्रको बदलिँदो आवश्यकता, बजार विकास, लगानी वातावरण र उपभोक्ता हितलाई ध्यानमा राखेर विभिन्न नियामकीय उपकरण निर्माण तथा कार्यान्वयन गरिएको उल्लेख छ । आयोगले एक वर्षको अवधिमा विवाद समाधानसम्बन्धी विनियमावली, २०८२, विद्युत् प्रसारण तथा वितरण प्रणालीमा खुला पहुँचसम्बन्धी निर्देशिका, २०८२, जलाशययुक्त विद्युत् केन्द्रको विद्युत् खरिद-बिक्री दरसम्बन्धी निर्देशिका, २०८२ तथा उपभोक्ता विद्युत् महसुल दर निर्धारणसम्बन्धी निर्देशिका, २०८३ जारी गरेको छ ।

यसैगरी, खुला पहुँचसम्बन्धी व्यवस्थाले विद्युत् प्रसारण तथा वितरण प्रणाली प्रयोग गर्ने योग्यता, आवेदन र स्वीकृति प्रक्रिया, प्राथमिकता तथा दस्तुरसम्बन्धी विषयलाई स्पष्ट बनाएको छ । यसले उत्पादनकर्ता, विद्युत् व्यापारी तथा ठूला उपभोक्तालाई विद्यमान प्रणालीमार्फत विद्युत् कारोबार गर्न थप व्यवस्थित आधार तयार गरेको छ । जलाशययुक्त आयोजनाबाट उत्पादित विद्युत्को खरिद-बिक्रीलाई व्यवस्थित गर्न छुट्टै नियामकीय व्यवस्था गरिएको छ ।

आयोगले उपभोक्ता विद्युत् महसुल निर्धारणसम्बन्धी निर्देशिका, २०७६, विद्युत् अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्तसम्बन्धी विनियमावली, २०७६ तथा विद्युत् कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृतिसम्बन्धी निर्देशिका, २०७८ को पुनरावलोकन र परिमार्जनसमेत अघि बढाएको छ । नियामकीय निर्णयलाई अध्ययन र तथ्यमा आधारित बनाउन आयोगले विद्युत्को लागत तथा महसुल संरचना, उपभोक्ता महसुल, जलविद्युत् सञ्चालनलागत र उत्पादन लागतसम्बन्धी अध्ययन अघि बढाएको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, आयोगले लामो समयदेखि विवादित 'डेडिकेटेड फिडर' तथा 'ट्रङ्क लाइन' सम्बन्धी विद्युत् महसुलका दुई विवादमा निर्णय गरेको विषय प्रतिवेदनमा उल्लेख छ । वार्षिक प्रतिवेदनमा आयोगले आर्थिक वर्ष २०८३/८४ का लागि आफ्नो कार्यसम्पादनलाई मुख्यतः तीन रणनीतिक प्राथमिकतामा केन्द्रित गर्ने भएको छ । पहिलो, संस्थागत सुदृढीकरण, दोस्रो, नियामकीय व्यवस्थाको विस्तार तथा सबलीकरण र तेस्रो, विद्युत् क्षेत्रको पुनःसंरचनाका लागि नियामकीय सहजीकरण रहेका छन् ।

विद्युत् उत्पादन, प्रसारण, व्यापार तथा वितरण क्षेत्रको संरचनागत विकास र पुनःसंरचनालाई स्पष्ट नियामकीय सिद्धान्त, मापदण्ड र संस्थागत संयन्त्रमार्फत व्यवस्थित तथा पारदर्शी बनाउन आफ्नो क्षेत्राधिकारभित्र आवश्यक सहजीकरण गर्ने आयोगले जनाएको छ ।

त्यस्तै, आन्तरिक विद्युत् खपत वृद्धि, ऊर्जा सुरक्षा, विद्युत् बजारको विकास, लगानीको सुरक्षा तथा उपभोक्ताको हकहित संरक्षणलाई केन्द्रमा राखेर नियामकीय काम अघि बढाइनेछ । बाढीबाट विद्युत् पूर्वाधारमा भएको क्षतिलाई समेत आयोगले आगामी नियामकीय कार्यमा समेट्ने भएको छ । प्रसारण तथा उत्पादन पूर्वाधारमा परेको असरले विद्युत् प्रणालीको विपद् प्रतिरोधी क्षमता र उत्थानशीलता बलियो बनाउनुपर्ने आवश्यकता देखाएको आयोगको निष्कर्ष छ । रासस

# प्रधानमन्त्री साहको चासोपछि वायुसेवा कम्पनी भाडादर घटाउन



काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहको निर्देशन र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल (गनेश)को सक्रियतापछि आन्तरिक वायुसेवा कम्पनीहरू स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री वितरण गर्न सहमत भएका छन् ।

नजिकिँदो चाडपर्वको मौका छोपेर हवाई भाडादर बढाएको भन्ने गुनासो आएपछि प्रधानमन्त्री साहले यसबारे चासो देखाउनुभएको थियो । त्यसपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले आज सम्बन्धित आन्तरिक वायुसेवा कम्पनीका पदाधिकारी तथा प्रतिनिधिसँग छलफल गरेको हो । उक्त छलफलपछि स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री वितरण गर्ने/गराउने विषयमा वायुसेवा कम्पनीहरू सहमत भएका क्यानले जनाएको छ । क्यानका महानिर्देशक मुकेश डङ्गोलका अनुसार स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्रीवितरण गर्ने र सो भाडादरबारे सूचना सम्बन्धित कम्पनीको बिक्री वितरण प्लेटफर्ममा प्रकाशन गर्ने सहमति भएको छ । रासस

# परराष्ट्रमन्त्री खनाल र अस्ट्रेलियाका विदेशमन्त्रीबीच भेटवार्ता




काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनाल र अस्ट्रेलियाका विदेशमन्त्री सिनेटर पेनी वङबीच नेपाल-अस्ट्रेलिया द्विपक्षीय सम्बन्धका विविध पक्षमा छलफल भएको छ ।

अस्ट्रेलियाको मेलबर्नमा बिहीबार भएको उक्त द्विपक्षीय भेटवार्तामा दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउने तथा पारस्परिक हितका विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा विचार आदानप्रदान भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । भेटवार्तामा दुवै मन्त्रीले नेपाल र अस्ट्रेलियाबीच लामो समयदेखि कायम रहेको घनिष्ठ, मैत्रीपूर्ण र सौहार्दपूर्ण सम्बन्धप्रति सन्तुष्टि व्यक्त गरेका थिए ।

लोकतान्त्रिक मूल्य, पारस्परिक सम्मान तथा जनस्तरको सुदृढ सम्बन्धमा आधारित दुई देशबीचको सहकार्यलाई आगामी दिनमा थप विस्तार गर्ने विषयमा उहाँहरूले जोड दिनुभयो । सो अवसरमा अस्ट्रेलियाका विदेशमन्त्री वङले नेपालमा हालै गएको बाढीबाट प्रभावित परिवार तथा समुदायप्रति गहिरो दुःख र सहानुभूति व्यक्त गर्दै विपद्पछिको उद्धार, प्रारम्भिक पुनर्लाभ तथा पुनःनिर्माणका प्रयासमा अस्ट्रेलिया नेपालको साथमा रहेको बताउनुभयो ।

मन्त्री वङले बाढी तथा विपद् प्रभावित नेपालका लागि थप १५ मिलियन अस्ट्रेलियन डलर सहयोगको घोषणा गर्नुभयो । यसअघि अस्ट्रेलियाले आपतकालीन प्रतिकार्यका लागि प्रतिबद्ध गरेको ११ मिलियन अस्ट्रेलियन डलर सहयोगमा उक्त रकम थप हुनेछ । नयाँ सहयोग राहत तथा प्रारम्भिक पुनर्लाभ कार्यमा केन्द्रित रहने बताइएको छ ।

मन्त्री खनालले विपद्को समयमा अस्ट्रेलिया सरकार र अस्ट्रेलियाली जनताबाट प्राप्त शीघ्र तथा उदार मानवीय सहयोगप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । संकटका समयमा प्राप्त यस्तो ऐक्यबद्धताले नेपाल र अस्ट्रेलियाबीचको दीर्घकालीन सद्भाव तथा मैत्रीपूर्ण सम्बन्धलाई थप प्रतिबिम्बित गरेको उहाँले बताउनुभयो ।

भेटवार्तामा जलवायु परिवर्तनबाट नेपाल र प्रशान्त क्षेत्रका मुलुकमा परेको साझा जोखिमका विषयमा पनि छलफल भएको थियो । मन्त्री खनालले अन्तरराष्ट्रिय तहमा अस्ट्रेलियाको नेतृत्वदायी भूमिकाको उपयोग गर्दै, विशेषगरी आगामी कोप-३१ को सन्दर्भमा, हिमाली पारिस्थितिक प्रणालीमा जलवायु परिवर्तनले पारिरहेको असमान र गम्भीर प्रभावलाई विश्वसामु थप प्रभावकारी रूपमा उजागर गर्न आग्रह गर्नुभयो ।

मन्त्री खनालले जलवायु अनुकूलन, पूर्वसूचना प्रणाली, विपद् जोखिम न्यूनीकरण तथा विपद् तयारी र जलवायु-उत्थानशील पूर्वाधार निर्माणका क्षेत्रमा नेपाल-अस्ट्रेलिया सहकार्यलाई थप विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । यसैगरी दुई मन्त्रीबीच शैक्षिक सहकार्य विस्तारका विषयमा पनि छलफल भएको थियो । नेपालमा अस्ट्रेलियाबाट मान्यताप्राप्त प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (टीभीईटी) संस्था स्थापना गर्ने तथा अस्ट्रेलियाका विश्वविद्यालयका सम्भावित स्याटेलाइट क्याम्पस नेपालमा स्थापना गर्ने विषयमा पहल अघि बढाउने सम्भावनाबारे विचार आदानप्रदान भएको थियो ।

मन्त्री खनालले अस्ट्रेलियाको बहुसांस्कृतिक समाज तथा अर्थतन्त्रमा नेपाली विद्यार्थी र नेपाली डायस्पोराले पुऱ्याउँदै आएको योगदानबारे उल्लेख गर्दै हालैका विद्यार्थी भिसासम्बन्धी नीतिगत परिवर्तनका क्रममा वास्तविक तथा योग्य नेपाली विद्यार्थीका लागि अनुकूल र न्यायोचित व्यवस्था गर्न आग्रह गर्नुभयो ।

भेटवार्तामा नेपाल-अस्ट्रेलिया आर्थिक साझेदारीलाई थप विस्तार गर्ने विषयलाई पनि प्राथमिकताका साथ उठाइएको थियो । व्यापार तथा प्रत्यक्ष वैदेशिक लगानी, प्रविधि हस्तान्तरण, नवीकरणीय ऊर्जा, दिगो कृषि, पर्यटन प्रवर्द्धन र श्रम गतिशीलतालगायतका क्षेत्रमा सहकार्य विस्तार गर्ने सम्भावनाबारे छलफल भएको थियो ।

त्यसैगरी, नेपाल र अस्ट्रेलियाबीच सिधा हवाई सम्पर्क स्थापना गर्ने विषयमा समेत दुई पक्षबीच कुराकानी भएको थियो । प्रत्यक्ष हवाई सम्पर्कले पर्यटन, व्यापार, लगानी तथा जनस्तरको सम्बन्धलाई थप सहज बनाउने अपेक्षा गरिएको छ ।

अस्ट्रेलियाका विदेशमन्त्री वङले नेपालसँगको साझेदारीलाई आगामी दिनमा थप सुदृढ गर्न अस्ट्रेलिया प्रतिबद्ध रहेको बताउँदै प्राथमिकताका क्षेत्रमा निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । दुवै पक्षले उच्चस्तरीयनियमितआदानप्रदानलाई निरन्तरता दिने तथा भेटवार्तामा भएका समझदारीलाई ठोस उपलब्धिमा रूपान्तरण गर्न निकट सहकार्य गर्ने सहमति जनाएका छन् । दुई देशका जनताको पारस्परिक हितमा नेपाल-अस्ट्रेलिया सम्बन्धलाई थप सुदृढ र बहुआयामिक बनाउने विषयमा समेत दुवै पक्षले प्रतिबद्धता व्यक्त गरेका छन् । रासस

## हामी निर्वाचनको आन्तरिक तयारीमै छौँः

# प्रमुख निर्वाचन आयुक्त कार्की



काठमाण्डु । प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले निर्वाचन आयोग स्थानीय तहको आगामी निर्वाचनको आन्तरिक तयारीमै रहेको बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति, राससको प्रतिनिधिमण्डसँग बिहीबार निर्वाचन आयोगमा भएको अनौपचारिक कुराकानीका क्रममा उहाँले भन्नुभयो, "हामी आगामी निर्वाचनको तयारीमै छौँ, त्यसो त आयोग सदैव निर्वाचनको तायरीमा रहन्छ नै । निर्वाचनको मिति सरकारले तोक्ने हो, यसरी तोकिएको मितिमा निष्पक्ष एवं विवादरहित ढङ्गबाट निर्वाचन सम्पन्न गर्ने दायित्व आयोगको हो, त्यसमा हामी प्रतिबद्ध छौँ ।"

स्थानीय तहको आगामी निर्वाचन फागुनमा नै गर्नेगरी सरकार अघि बढेको भन्ने समाचार पनि आएको छ नी भन्ने प्रश्नमा उहाँको भनाइ थियो, "मितिका बारेमा अहिले नै आयोगले भन्ने कुरा भएन । हाम्रो संवैधानिक प्रावधानअनुरुप आयोगसमेतको परामर्शमा सरकारले मिति घोषणा गर्ने हो । तर, लामो समयसम्म स्थानीय निकाय खाली राख्नुहुन्न भन्ने पक्षमा छौँ । त्यसैअनुसार हाम्रो तयारी पनि भइरहेको छ ।"

आगामी वैशाखमा स्थानीय तहको कार्यकाल सकिने भएकाले त्यसको वरपर रहनेगरी र संवैधानिक व्यवस्थाअनुसार नै निर्वाचन हुने उहाँको भनाइ थियो ।

स्थानीय तह र प्रदेशको निर्वाचन एकैसाथ गर्नेगरी आयोगले तयारी थालेको हो भन्ने प्रश्नमा उहाँको भनाइ थियो, "हाम्रो संवैधानिक संरचना र कानुनी प्रावधानअनुरुप नै निर्वाचन हुने हो । त्यसमा हाम्रो आवश्यकताको पनि कुरा छ । त्यसैले अहिले नै चुनाव एकैसाथ हुन्छ भनेर भन्न सकिँदैन । सरकारले मिति घोषणा गरेअनुसार नै हामीले काम गर्ने हो ।"

राससले विगतका निर्वाचनमा सकारात्मक एवं निर्वाचनमैत्री माहोल सिर्जना गर्न सशक्त एवं नेतृत्वदायी भूमिका निर्वाह गरेको भन्ने विषय जानकारीमा रहेको उल्लेख गर्नुहुँदै प्रमुख निर्वाचन आयुक्त कार्कीले आगामी दिनमा पनि रासससँग सहकार्य गर्न आयोग तयार रहेको स्पष्ट गर्नुभयो ।

त्यस अवसरमा आयोगररासससबीचकोसम्बन्धसहित सहयोग, सहकार्यलगायत समसामयिक विषयमा कुराकानी भएको थियो । सो छलफलमा निर्वाचन आयुक्त सगुन शमशेर जबरा र गुरुप्रसाद वाग्ले पनि उपस्थित हुनुहन्थ्यो ।

त्यसैगरी, राससका महाप्रबन्धक सन्दीप राई, प्रधानसम्पादक उत्तम सिल्वाल, प्रमुख समाचारदाता एकराज पाठक, आलेख समाचार शाखा प्रमुख कृष्ण अधिकारी र निमित्त प्रशासन प्रमुख भरत केसीको उपस्थिति थियो । रासस

# एमाले स्थायी कमिटीः वरिष्ठ नेता भण्डारीको शपथ

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी कमिटीको पहिलो बैठक पार्टी केन्द्रीय कार्यालय, च्यासलमा शुरु भएको छ ।

पार्टीकी वरिष्ठ नेता विद्यादेवी भण्डारीले अध्यक्ष केपी शर्मा ओलीसँग स्थायी कमिटी सदस्यका रूपमा शपथ ग्रहण गरेपछि बैठक औपचारिक रूपमा सुरु भएको हो । शपथ ग्रहणपछि वरिष्ठ नेता भण्डारीसहित स्थायी कमिटीका सदस्यहरू बैठकमा सहभागी हुनुभएको छ ।

पार्टी केन्द्रीय कमिटीको तेस्रो बैठकले सचिवालयलाई छलफल तथा निर्णयका लागि प्रत्यायोजन गरेका विभिन्न 'एजेन्डा'माथि स्थायी कमिटीको बैठकमा छलफल हुने कार्यसूची रहेको सो पार्टीका प्रचार विभाग प्रमुख नीरज आचार्यले जानकारी दिनुभयो । ती विषयमा आवश्यक छलफल गरी पार्टीको आगामी कार्यदिशा र निर्णयका सम्बन्धमा बैठकले टुङ्गो लगाउने बताइएको छ ।

केन्द्रीय कमिटी बैठकबाट प्राप्त जिम्मेवारीअनुसार स्थायी कमिटीले पार्टीका साङ्गठनिक तथा समसामयिक विषयमा आवश्यक निर्णय गर्नेछ । बैठकमा पार्टीको पछिल्लो राजनीतिक अवस्था, सङ्गठन सञ्चालन तथा आगामी कार्ययोजनालगायत विषयमा पनि छलफल हुने अपेक्षा गरिएको छ ।रासस

# समृद्ध नेपाल निर्माणमा राज्य, निजी क्षेत्र र समाजको साझा राष्ट्रिय सङ्कल्प आवश्यक छः राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले समृद्ध नेपाल निर्माण सरकार वा कुनै एक क्षेत्रको प्रयासबाट मात्र सम्भव नभई राज्य, निजी क्षेत्र र समग्र समाजको साझा राष्ट्रिय सङ्कल्पबाट सम्भव हुने बताउनुभएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घका पदाधिकारीसँग बिहीबार भएको भेटमा उहाँले समृद्ध नेपाल निर्माणको सङ्कल्पलाई व्यवहारमा रूपान्तरण गर्न निजी क्षेत्र अझ जिम्मेवार, सिर्जनशील र अग्रणी भूमिकामा प्रस्तुत हुने अपेक्षा व्यक्त गर्नुभयो । उहाँले नेपालको आर्थिक समृद्धिमा निजी क्षेत्रले पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्नुभयो ।

राष्ट्रपति पौडेलले नेपालको अर्थतन्त्रलाई गतिशील, उत्पादनमुखी र प्रतिस्पर्धी बनाउन सरकार र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेको बताउनुभयो । महासङ्घको सङ्गठनात्मक विस्तार र महासङ्घमा आबद्ध १४ लाखभन्दा बढी व्यवसायीको प्रगति समग्र देशको प्रगति भएको उल्लेख गर्दै उहाँले आर्थिक विकास, रोजगारी सिर्जना र नागरिकको जीवनस्तर सुधारमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

सरकारले नीतिगत स्थिरता, लगानीको सुरक्षा, पूर्वाधार विकास, सहज प्रशासन र व्यवसायमैत्री वातावरण निर्माण गर्नुपर्ने तथा निजी क्षेत्रले लगानी, उत्पादन, उद्यमशीलता, नवप्रवर्तन र रोजगारी सिर्जनालाई थप विस्तार गर्नुपर्ने उहाँको भनाइ थियो । यी दुई पक्षबीचको विश्वास र सहकार्यले आर्थिक समृद्धिको बलियो आधार निर्माण गर्न सक्ने राष्ट्रपति पौडेलले बताउनुभयो । उहाँले अबको



प्राथमिकता उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन, स्वदेशी तथा विदेशी लगानी आकर्षण, रोजगारी सिर्जना र नेपाली अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा केन्द्रित हुनुपर्ने बताउनुभयो । जलविद्युत्, पर्यटन, कृषि तथा कृषिजन्य उद्योग, सूचना प्रविधि र उत्पादनमूलक क्षेत्रमा उपलब्ध सम्भावनालाई परिणाममुखी ढङ्गले उपयोग गर्न आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो ।

विशेषगरी देशको युवा जनशक्तिलाई स्वदेशमै अवसर र उद्यमका सम्भावना सिर्जना गर्नु साझा दायित्व भएको राष्ट्रपति पौडेलले बताउनुभयो ।

डिजिटल रूपान्तरण र विश्वव्यापी प्रतिस्पर्धाको वर्तमान युगमा महासङ्घले आफ्नो राष्ट्रिय सञ्जाललाई अन्तर्राष्ट्रिय आर्थिक सञ्जालसँग जोड्दै नेपाली उत्पादन, सेवा र उद्यमलाई विश्व बजारमा पुऱ्याउन थप नेतृत्वदायी भूमिका निर्वाह गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । रासस

# भारतमा निर्वाचन आयोगविरुद्ध प्रदर्शन

एएफपी । भारतमा मतदाता सूचीको विशेष गहन पुनरवलोकनका क्रममा लाखौँ नाम हटाइएको विषयलाई लिएर निर्वाचन आयोगमाथि दबाब बढेको छ । 'इन्डियन एक्सप्रेस' को अनुसन्धानात्मक समाचारले मतदाता सूची संशोधनका महत्त्वपूर्ण निर्णयहरू तीन निर्वाचन आयुक्तमध्ये दुई जनाको स्वीकृतिबिनै गरिएको आरोप लगाएपछि आयोग र प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारविरुद्ध विरोध चर्किएको हो ।




भारतीय निर्वाचन आयोगले भने आरोप अस्वीकार गर्दै आफ्ना सबै निर्णय सर्वसम्मत र कानूनसम्मत रहेको जनाएको छ । विपक्षी दलहरूले भने सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने गरी वैध मतदाताको नाम हटाइएको आरोप लगाएका छन् । आयोगका प्रमुख ज्ञानेश कुमारको राजीनामा माग गर्दै प्रदर्शन भइरहेका छन् भने शनिबार नयाँदिल्लीमा ठूलो प्रदर्शनको तयारी गरिएको छ ।

सन् २०२५ मा विशेष गहन पुनरवलोकन (एसआइआर) सुरु भएयता आयोगमा आन्तरिक मतभेद रहेको 'इन्डियन एक्सप्रेस' ले जनाएको छ । आयोगका तीनमध्ये दुई आयुक्तले पछिल्लो १० महिनामा एसआइआरका प्रमुख निर्णयमाथि एक दर्जनभन्दा बढी पटक औपचारिक आपत्ति जनाएएको समाचारमा उल्लेख छ ।

आयोगले गलत विवरणमा दर्ता भएका मतदाताको पहिचान गर्नु र 'विदेशी अवैध आप्रवासी' लाई मतदानबाट रोक्नु एसआइआरको उद्देश्य रहेको बताएको छ । आलोचकहरूले भने यसबाट सीमान्तकृत तथा अल्पसंख्यक समुदाय प्रभावित हुने बताएका छन् ।

आयोगको तथ्याङ्क उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले १३ करोड ३० लाखभन्दा बढी नाम मतदाता सूचीको मस्यौदाबाट हटाइएको जनाएका छन् । हटाइएका नाममा दोहोरो विवरण तथा मृत्यु भएका व्यक्तिका नामसमेत छन् । अन्तिम सूची प्रकाशित भएपछि मात्र वास्तविक सङ्ख्या स्पष्ट हुनेछ ।

यस विषयमा हजारौँ मानिस प्रदर्शनमा सहभागी भएका छन् । विपक्षी काङ्ग्रेस पार्टीले राहुल गान्धीको नेतृत्वमा नयाँदिल्लीमा प्रदर्शन गरेको छ । युवाहरूको नेतृत्वमा रहेको सीजेपीले पनि थप प्रदर्शनको आह्वान गरेको छ ।

बैसट्ठी वर्षीय ज्ञानेश कुमारले सन् २०२५ फेब्रुअरीमा निर्वाचन आयोगको प्रमुखका रूपमा जिम्मेवारी सम्हाल्नुभएको हो । मतदाता सूची संशोधनको विषय सर्वोच्च अदालतमा समेत पुगेको छ । अदालतले सरकार र निर्वाचन आयोगसँग स्पष्टीकरण मागेको छ भने यससम्बन्धी अर्को सुनुवाइ आगामी साता हुने तय भएको छ ।

# मेस्सीले गोलसँगै टुंग्याए अर्जेन्टिनासँगको अन्तर्राष्ट्रिय यात्रा

**टुडे समाचारदाता**

एजेन्सी । लियोनल मेस्सीले अर्जेन्टिनाका लागि आफ्नो अन्तिम अन्तर्राष्ट्रिय खेलमा गोल गर्दै भावुक रूपमा अन्तर्राष्ट्रिय करिअरको अन्त्य गरेका छन् ।



ब्युनस आयर्सस्थित मोनुमेन्टल रंगशालामा ८५ हजारभन्दा बढी दर्शकमाझ मेस्सीले बेनिनविरुद्ध पेनाल्टीमा गोल गरे । उनको गोलसँगै अर्जेन्टिनाले मैत्रीपूर्ण खेलमा बेनिनलाई ३-० ले पराजित गरेको थियो ।

३९ वर्षीय मेस्सीको यो अर्जेन्टिनाका लागि २ सय आठौं तथा अन्तिम अन्तर्राष्ट्रिय खेल थियो । उनले दोस्रो हाफमा पेनाल्टीमार्फत गोल गर्दै राष्ट्रिय टोलीका लागि आफ्नो गोल संख्या १ सय २६ पुर्‍याए ।

मेस्सीले खेलमा गोल मात्र गरेनन्, निकोलस ओटामेन्डी र निको पाजको गोलका लागि असिस्ट पनि प्रदान गरे। उनले पूरा ९० मिनेट मैदानमा बिताए ।

खेलपछि भने मोनुमेन्टलमा मेस्सीलाई विशेष विदाइ दिइयो। लेजर लाइट शो, आतिशबाजी, सांगीतिक प्रस्तुति र विभिन्न सम्मान कार्यक्रमबीच मेस्सीले करिब १० मिनेट दर्शकलाई सम्बोधन गरेका थिए ।

सम्बोधनका क्रममा उनी आफैं पनि भावुक बने । म्यानचेस्टर सिटीका एन्जो फर्नान्डेजसहित अर्जेन्टिनाका केही खेलाडीको आँखामा आँसु देखिएको थियो। मेस्सीले आफू मैदानबाट बाहिरिन नचाहेको समेत बताए ।

खेलअघि पनि मेस्सी भावुक देखिएका थिए । रंगशाला जाने क्रममा टिम बसमै उनले आँसु पुछिरहेको दृश्य देखिएको थियो। अर्जेन्टिनाको राष्ट्रिय गान बज्दा पनि उनी भावुक बने ।

खेल शुरु हुनुअघि रंगशालामा भव्य आतिशबाजी गरिएको थियो ।

मैदानमा मेस्सीको चर्चित १० नम्बर अंकसहित 'ग्रासियास' अर्थात् 'धन्यवाद' लेखिएको विशाल अर्जेन्टिनाको जर्सी प्रदर्शन गरिएको थियो ।

खेल सुरु भएको १० मिनेटपछि पनि मेस्सीका लागि विशेष कार्यक्रम गरिएको थियो। खेल केही समय रोकियो, आतिशबाजी गरियो र दर्शकले उभिएर उनलाई सम्मान गरे । बेनिनका खेलाडीहरूले समेत मेस्सीसँग हात मिलाएर सम्मान प्रकट गरे ।

मैदानमा भने मेस्सीले आफ्नो परिचित प्रभाव देखाए । उनका दुई फ्रिकिक उत्कृष्ट बचाउ गर्दै बेनिनका गोलरक्षकले रोके । उनले गोलका केही उत्कृष्ट अवसर गुमाए भने खेलको अन्तिम चरणमा उनको प्रहार पोस्टमा लागेको थियो ।

मेस्सीले गत अगस्टमा अन्तर्राष्ट्रिय फुटबलबाट संन्यासको घोषणा गरेका थिए । त्यतिबेला उनले निर्णयले आफूलाई 'पीडा' दिएको भए पनि 'अब समय आएको' बताएका थिए ।

सन् २००५ मा अर्जेन्टिनाका लागि डेब्यु गरेका मेस्सीले २१ वर्ष लामो अन्तर्राष्ट्रिय यात्रामा विश्वकप र दुई कोपा अमेरिका उपाधि जिते। उनी अर्जेन्टिनाका सर्वाधिक गोलकर्ता पनि हुन् ।

मेस्सीले विश्वकपमा २१ गोल गरेका छन् । उनी विश्वकपका सर्वाधिक गोलकर्ताको सूचीमा फ्रान्सका किलियन एमबाप्पेपछि दोस्रो स्थानमा छन् । समग्र अन्तर्राष्ट्रिय फुटबलमा भने मेस्सीका १२६ गोल छन् । उनी पोर्चुगलका क्रिस्टियानो रोनाल्डोको १४६ गोलभन्दा पछाडि छन् ।

मेस्सीको अन्तिम अन्तर्राष्ट्रिय खेलअघि उनका वर्तमान तथा पूर्व सहकर्मीहरूले सामाजिक सञ्जालमार्फत उनलाई धन्यवाद दिएका थिए ।

बार्सिलोना र पिएसजीमा मेस्सीसँगै खेलेका नेयमारले उनलाई फुटबलका लागि गरेको योगदानका लागि धन्यवाद दिए ।

मेस्सीका अर्जेन्टिनी सहकर्मी तथा निकट मित्र रोड्रिगो डे पाउलले पनि उनको प्रशंसा गरे ।

अर्जेन्टिनाका पूर्व खेलाडी एन्जेल डी मारियाले मेस्सीलाई खुसी र सन्तुष्ट अवस्थामा देख्न पाउनु नै सबैका लागि खुसीको विषय भएको बताए ।

'उनले आफूले दिन सक्ने सबै कुरा दिएका छन् भन्ने शान्ति र खुसीका साथ उनलाई देख्नु नै हामी सबैका लागि खुसीको कुरा हो । म उनलाई जीवनभर धन्यवाद दिन्छु,' डी मारियाले भने ।

मेस्सी अब राष्ट्रिय टोलीबाट बाहिरिए पनि क्लब फुटबलमा भने सक्रिय रहनेछन्। उनी अमेरिकी मेजर लिग सकर क्लब इन्टर मियामीमा आबद्ध छन् र उनको सम्झौता सन् २०२८ को सिजनको अन्त्यसम्म रहेको छ । रासस

# इरानी सेनाको मिनीबसमा आक्रमण



एएफपी । इरानको अशान्त दक्षिण-पूर्वी क्षेत्रमा सेनाका कर्मचारीहरूबोकेकोसवारीसाधनमा आक्रमण भएको छ । बिहीबारको आक्रमणमा एक जनाको मृत्यु र तीन जना घाइते भएको इरानी सञ्चारमाध्यमले जनाएका छन् ।

सिस्तान-बलुचिस्तान प्रान्तको मकरान तटमा तैनाथ एउटा सैनिक विभागका कर्मचारीहरू बोकेको मिनीबसमा आज बिहान सशस्त्र आक्रमण भएको इरानी समाचार संस्था (इर्ना) ले जनाएको छ ।

इर्नाले मृतक व्यक्तिको नाम दिएको छ तर मृतक सेनाका कर्मचारी भए नभएको खुलाएको छैन । सिस्तान-बलुचिस्तान प्रान्तमा नै भएको अर्को घटनामा 'कारबाहीमा खटिएको प्रहरी गस्ती दल सशस्त्र गैरकानुनी व्यक्तिहरूको आतङ्कवादी आक्रमणमा परेको छ," प्रान्तीय प्रहरीले बिहीबार इर्नामार्फत जारी सार्वजनिक वक्तव्यमा भनेको छ ।

"आक्रमणमा एक प्रहरी अधिकृत शहीद भएका छन् भने धेरै 'आतङ्कवादी'हरू घाइते भएर भागेका छन," वक्तव्यमा थपिएको छ ।

पाकिस्तान र अफगानिस्तानसँग सिमाना जोडिएको सिस्तान-बलुचिस्तानमा लामो समयदेखि इरानी सुरक्षा बल र कथित विद्रोही तथा लागूऔषध तस्करहरूबीच झडप हुने गरेको छ ।

इरानका सबैभन्दा गरिब प्रान्तहरूमध्ये एक यो प्रान्तमा उल्लेखनीय सङ्ख्यामा जातीय बलुच जनसंख्या बसोबास गर्छ । उनीहरूमध्ये अधिकांश सुन्नी इस्लामका अनुयायी हुन् भने इरान शिया-बहुल राष्ट्र हो ।

# मस्कको स्टारलिंक आरोप भारतद्वारा अस्वीकार

एएफपी।भारतले टेक अर्बपति एलन मस्कको स्टारलिङ्कलाई देशमा सञ्चालन हुन नदिइएको भन्ने आरोप अस्वीकार गर्दै दूरसञ्चार सेवासम्बन्धी सरकारी नियम निष्पक्ष र गैरभेदभावपूर्ण रहेको जनाएको छ ।

मस्कले बुधबार सामाजिक सञ्जाल एक्समा भारतमा स्टारलिङ्कको प्रवेश केही 'कुलीन वर्ग' ले आफ्नो एकाधिकार जोगाउन अवरुद्ध गरेको आरोप लगाउनुभएको थियो । उहाँले भारतीय जनतामाथि एकाधिकार कायम राख्न आफूहरूलाई रोकिएको दाबी गर्दै यसलाई भारतका जनताविरुद्धको अपराधसमेत बताउनुभएको थियो । भारतको सञ्चार मन्त्रालयले बिहीबार मस्कको नाम उल्लेख नगरी सामाजिक सञ्जालमा प्रसारित स्टारलिङ्कसहितका स्याटेलाइट सञ्चार सेवासम्बन्धी नियामक व्यवस्थाको निष्पक्षताबारेका टिप्पणीप्रति ध्यानाकर्षण भएको जनाएको छ ।




मन्त्रालयले भारतमा सबै दूरसञ्चार सेवाका लागि 'निष्पक्ष र गैरभेदभावपूर्ण प्राधिकरण ढाँचा' रहेको स्पष्ट गरेको छ । स्याटेलाइट सञ्चार सेवा सञ्चालन गर्न आवश्यक दूरसञ्चार इजाजतपत्र प्रदान गरिएको र त्यस प्रक्रियाअन्तर्गत सम्बन्धित संस्थाको सुरक्षा मूल्याङ्कन भइरहेको मन्त्रालयले जनाएको छ ।

"जब र जहाँ इजाजतपत्र प्राप्त संस्थाको सुरक्षा मूल्याङ्कन प्रक्रिया पूरा हुन्छ, त्यसले अर्को चरणमा प्रवेश गर्न सक्छ", मन्त्रालयले जनाएको छ ।

तल्लो पृथ्वी कक्षमा रहने उपग्रहमार्फत दुर्गम क्षेत्रमा उच्च गतिको इन्टरनेट सेवा उपलब्ध गराउने स्टारलिङ्कको सम्भावित प्रवेशलाई लिएर भारतमा मूल्य निर्धारण र स्पेक्ट्रम वितरणलगायत विषयमा लामो समयदेखि बहस हुँदै आएको छ ।

भारतीय अर्बपति मुकेश अम्बानीको जियो प्लेटफर्मले सन् २०२५ को मार्चमा आफ्ना ग्राहकलाई स्टारलिङ्कको स्याटेलाइट इन्टरनेट सेवा उपलब्ध गराउन मस्कको कम्पनी स्पेसएक्ससँग सम्झौता गरेको घोषणा गरेको थियो ।

यद्यपि, सम्झौता भएको लामो समय बितिसक्दा पनि भारतमा स्टारलिङ्कको सेवा सञ्चालनमा आएको छैन ।

सरकारका अनुसार स्याटेलाइट सञ्चार सेवाका लागि इजाजतपत्र प्राप्त संस्थाहरूको सुरक्षा मूल्याङ्कन पूरा भएपछि मात्र सेवा सञ्चालनको अर्को प्रक्रिया अघि बढ्नेछ । मन्त्रालयले कम्पनीहरूको नाम भने उल्लेख गरेको छैन ।

# धम्मिका पुनः विराटनगर किंग्सको प्रशिक्षकको जिम्मेवारी

**टुडे समाचारदाता**

काठमाण्डु । एनपीएलको तेस्रो संस्करणका लागि विराटनगर किंग्सले श्रीलंकाली पूर्व अन्तर्राष्ट्रिय क्रिकेटर धम्मिका प्रसादलाई प्रशिक्षकका रूपमा फेरि जिम्मेवारी दिएको छ ।




दायाँ हाते तीव्र गतिका बलर प्रसादले श्रीलंकाका लागि २५ टेस्ट, २४ ओडीआई र १४ टी-२० खेलेका थिए । प्रशिक्षण क्षेत्रमा प्रसादको अनुभव पनि फराकिलो छ ।

अमेरिका राष्ट्रिय टोली, नेपाल र ओमानको बलिङ प्रशिक्षक रहिसकेका उनले लङ्का प्रिमियर लिगमा कोलम्बो किंग्स, क्यान्डी बोल्ट्स र क्यान्डी रोयल्समा पनि काम गरेका छन्। विराटनगर किंग्सले बलिङ प्रशिक्षण, खेलाडी विकास र टोली व्यवस्थापनमा रहेको उनको विशेषज्ञतालाई नै निरन्तरताको मुख्य आधार बनाएको छ ।

गत सिजनको प्लेअफ चुकाइले अझै पीडा दिने बताउँदै प्रसादले यसपटक थप दृढताका साथ ट्रफीको लडाइँमा उत्रने प्रतिबद्धता जनाए। "त्यो अनुभवले हामीलाई अझ बलियो र प्रतिबद्ध बनाएको छ। यसपटक शतप्रतिशत दिएर अन्तिम बलसम्म लड्नेछौं," उनले भने ।

हाल टोली भारतमा रणजी ट्रफी खेलिसकेका खेलाडीहरूसँग फ्लडलाइट अभ्यास खेल खेल्दै तयारीमा जुटेको छ । टोलीको मार्की खेलाडी सन्दीप लामिछाने छन् । विदेशी खेलाडीमा चरिथ असलंका, शुभम रन्जने लगायत खेलाडी अनुबन्धित भइसकेका छन् ।

# साउदी विमानस्थलमा हुथी आक्रमण, तीनको मृत्यु

एएफपी । साउदी अरेबियाका दुई अन्तर्राष्ट्रिय विमानस्थलमा हुथी विद्रोहीले गरेको आक्रमणमा तीन जनाको मृत्यु भएको छ भने ३६ जना घाइते भएका छन् । घटनापछि साउदी नेतृत्वको गठबन्धनले हुथीविरुद्ध जवाफी कारबाही तीव्र बनाएको छ ।



साउदी नागरिक उड्डयन प्राधिकरणका अनुसार मङ्गलबार र बुधबार आभा अन्तर्राष्ट्रिय विमानस्थल तथा रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरी आक्रमण भएको थियो । आभामा एक इजिप्टेली र एक अल्जेरियाली तथा रियादमा एक सुडानी नागरिकको मृत्यु भएको हो ।

हुथी सैन्य प्रवक्ता याह्या सारीले रियादको विमानस्थललाई 'सटीक' आक्रमणबाट लक्षित गरिएको र हवाई यातायात प्रभावित भएको दाबी गर्नुभयो । हुथीहरूले आभा विमानस्थल र खामिस मुशैतस्थित किङ खालिद एयर बेसमा पनि ड्रोन तथा मिसाइल प्रहार गरेको दाबी गरेका छन् ।

साउदी नेतृत्वको गठबन्धनले हुथीको आक्रमणको जवाफमा मिसाइल प्रक्षेपण सुविधा, कमान्ड सेन्टर, सञ्चार प्रणाली र भेला हुने स्थानसहित ८२ वटा सैन्य लक्ष्यमा आक्रमण गरेको जनाएको छ । गठबन्धनले आक्रमणमा प्रयोग भएको ब्यालेस्टिक मिसाइल प्रक्षेपण मञ्च नष्ट गरेको पनि बताएको छ ।

हुथीहरूले रियादको विमानस्थलमा अर्को आक्रमण गरेको दाबी गर्दै साउदी हवाई क्षेत्र प्रयोग नगर्न विमान कम्पनीहरूलाई चेतावनी दिएका छन् । एडनस्थित विमानस्थल नजिकै सैन्य आपूर्ति काफिलामाथि पनि आक्रमण गरेको उनीहरूको दाबी छ । मिसाइल खसेपछि कायरोबाट आउँदै गरेको एउटा विमान साउदी अरेबियाको जेद्दा मोडिएको सरकारी सबा समाचार एजेन्सीले जनाएको छ ।

यसैबीच, यमनको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारले हुथीविरुद्ध ठूलो प्रतिआक्रमण सुरु गरेको घोषणा गरेको छ । सरकारी फौजले लाल सागरको तटीय क्षेत्र र बन्दरगाह सहर मोचाका रणनीतिक स्थानबाट हुथी लडाकूलाई पछि हटाएको दाबी गरेको छ । हुथीहरूले भने आफ्नो नियन्त्रणमा रहेको भूभाग कायमै रहेको बताएका छन् । दुवै पक्षका सैन्य दाबी स्वतन्त्र रूपमा पुष्टि गर्न कठिन रहेको एएफपीले जनाएको छ ।

यमनको पश्चिमी क्षेत्रमा बुधबार भएको झडपमा कम्तीमा ६२ लडाकू मारिएको दुवै पक्षका सैन्य स्रोतले बताएका छन् । तीमध्ये ३७ जना हुथी लडाकू रहेको बताइएको छ । सरकारी नियन्त्रणमा रहेको ताइज सहरमा हुथी मिसाइल प्रहार हुँदा पाँच सर्वसाधारण घाइते भएको सबाले जनाएको छ ।

साउदी अरेबियाले सन् २०१५ देखि हुथीविरुद्धको अन्तर्राष्ट्रिय गठबन्धनको नेतृत्व गर्दै आएको छ । यमनको लामो युद्धका कारण मानवीय सङ्कट गहिरिएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार जुलाईमा गृहयुद्ध सुरु भएयता दुई लाखभन्दा बढी मानिस देशभित्रै विस्थापित भएका छन् र ठूलो जनसंख्या मानवीय सहायतामा निर्भर रहेको छ ।

# नासाको अपोलो कार्यक्रममा संलग्न वैज्ञानिक ह्यामिल्टनको निधन

एएफपी । नासाको 'अपोलो लुनार प्रोग्राम'मा प्रयोग हुने कम्प्युटर प्रणालीको विकासको नेतृत्व गर्नुभएका अमेरिकी वैज्ञानिक मार्गरिट ह्यामिल्टनको ९० वर्षको उमेरमा निधन भएको नासाले बुधबार जनाएको छ ।

'म्यासाच्युसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी)' ले वक्तव्यमा ह्यामिल्टनलाई 'कम्प्युटिङ' का लागि अगुवा भन्दै उहाँको मृत्यु सेप्टेम्बर ३० मा भएको बताएको छ । उहाँले सन् १९५९ देखि १९७० को मध्यसम्म यस प्रतिष्ठित विश्वविद्यालयमा अध्यापन गर्नुभएको थियो ।

"ह्यामिल्टन 'अपोलो लुनार प्रोग्राम'मा अगुवा वैज्ञानिक शुनुहुन्थ्यो उहाँ आफ्नो समयभन्दा अगाडि हुनुहुन्थ्यो भन्नु मात्र पनि अत्यधिक कम आँकलन हुनेछ," अपोलो कार्यक्रमका प्राध्यापक तथा एमआईटीको एरोनटिक्स एण्ड एस्ट्रोनटिक्स विभागका अन्तरिम प्रमुख ओलिभियर डे वेकले भन्नुभयो ।

"उहाँ सफ्टवेयर प्रविधि क्षेत्र आफ्नो प्रारम्भिक अवस्थामा रहेका समय उहाँ सफ्टवेयर इन्जिनियर हुनुहुन्थ्यो र उहाँले आफैं उन्नत कोड विकास गर्नुभयो मात्र होइन, त्यस नवजात प्रविधि प्रयोग गरी मानव जातिको सबैभन्दा जटिल प्रणालीहरूमध्ये एक विकास गर्ने टोलीको नेतृत्व पनि गर्नुभयो," डे वेकले थप्नुभयो ।

प्रसिद्ध अपोलो कार्यक्रमले संयुक्त राज्य अमेरिकालाई चन्द्रमामा पहिलो मानव अवतरण गर्ने दौडमा सोभियत सङ्घलाई जित्न सहयोग पुर्‍याएको थियो ।

नासा प्रमुख जरेड आइज्याकम्यानले सामाजिक सञ्जाल एक्समा ह्यामिल्टनलाई श्रद्धाञ्जलि दिँदै उहाँलाई 'अपोलो र मानव जातिको चन्द्रमाको पहिलो यात्रा सम्भव बनाउन' अभियानको अगुवा भन्नुभएको छ ।

सन् १९३६ मा इन्डियानामा जन्मिएकी ह्यामिल्टनले गणित अध्ययन गरेपछि सन् १९५९ मा पतिसँग बोस्टन, म्यासाच्युसेट्स जानुभएको थियो ।

उहाँले एमआईटीमा मौसम विज्ञानमा काम गरेपछि सन् १९६५ मा 'मानिसलाई चन्द्रमामा पठाउने' सफ्टवेयर विकास गर्ने मानिस खोजिरहेको प्रयोगशालामा सामेल हुनुभयो ।

"उहाँ एमआईटीमा अपोलो परियोजनाकी पहिलो महिला प्रोग्रामरका साथै यो क्षेत्रकै पहिलो प्रोग्रामरका रूपमा नियुक्त हुनुभएको थियो," विश्वविद्यालयले जनाएको छ ।

"सन् १९६८ सम्ममा उहाँ अपोलोको कमाण्ड एण्ड सर्भिस मोड्युल टोलीको सहायक निर्देशक भइसक्नुभएको थियो र अपोलोको सफ्टवेयरमा ४०० भन्दा बढी मानिसहरू कार्यरत थिए," एमआईटीले भनेको छ ।

ह्यामिल्टनलाई महत्वपूर्ण अनबोर्ड प्रणालीहरूलाई थप बलियो र दुर्घटना-प्रतिरोधी बनाउने श्रेय दिइएको छ ।

नासाका अनुसार ऐतिहासिक अपोलो ११ मिसनको इगल ल्यान्डर चन्द्रमामा अवतरण हुनुभन्दा करिब तीन मिनेटअघि उहाँको सफ्टवेयरले हस्तक्षेप गरेर गलत स्क्रिप्टलाई ओभरराइड गर्‍यो र मिसन सुरक्षित रूपमा जारी रहन सम्भव गराएको थियो ।

# आइसिसीको मान्यताका पर्खाइमा क्यान र एनपिएल टोली

काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान) अहिले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को तयारीमा जुटेको छ । एनपिएलको मिति नजिकिएसँगै क्यान अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट अन्तरराष्ट्रिय मान्यता पाउने आशामा पनि छ ।

त्यसका लागि आइसिसीले माग गरेका आवश्यक कागजातसमेत क्यानले पठाइसकेको छ । अब क्यान आइसिसीको औपचारिक निर्णयको पर्खाइमा रहेको सचिव पारस खड्काले जानकारी दिनुभयो ।

"राम्रो खेलाडी ल्याउन टोलीहरू कोसिस गरिरहनुभएको छ । तर, अहिले खेलाडीलाई कन्ट्र्याक्ट गरेर राखेका अवस्थामा अफिसियली स्याङ्कसन (आइसिसी मान्यता) आएपछि मात्रै उहाँहरूलाई अनाउन्समेन्ट गर्ने कुरा आउँछ'', खड्काले राससँग भन्नुभयो, "धेरैजसो टिम यही प्रतीक्षामा हुनुहुन्छ । आशा गरौं, चाँडोभन्दा चाँडो सकारात्मक खबर आओस् ।" आइसिसीको स्वीकृति आएपछि एनपिएलका टोलीलाई थप स्तरीय विदेशी खेलाडी अनुबन्ध गर्न सहज हुने उहाँको भनाइ छ । त्यसले प्रतियोगिताको स्तरसँगै नेपाली क्रिकेटको अन्तरराष्ट्रिय चर्चा बढाउन सहयोग पुग्ने खड्काले बताउनुभयो ।

आइसिसीबाट मान्यता प्राप्त भएमा एनपिएलका टोलीलाई टेस्ट राष्ट्रका चर्चित विदेशी खेलाडी अनुबन्ध गर्न सहज हुनेछ । त्यसैले क्यानसँगै एनपिएलका टोलीसमेत आइसिसीको निर्णयको प्रतीक्षामा छन् । निर्णयमा ढिलाइ हुँदा विदेशी खेलाडीको अन्तिम टुङ्गो लगाउन केही समस्या भइरहेको टोलीको भनाइ छ ।

एनपिएल टोली जनकपुर बोल्ट्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) निरोज खतिवडा पनि आइसिसीको निर्णयको पर्खाइमा हुनुहुन्छ । उहाँले आइसिसीबाट छिट्टै सकारात्मक निर्णय आउने अपेक्षा व्यक्त गर्नुभयो ।

"आशा छ आइसिसीले छिटो एनपिएललाई अन्तरराष्ट्रिय मान्यता दिनेछ । त्यसोहुँदा हामीले आवश्यकपर्ने थप विदेशी स्टारलाई भित्र्याउन सहज हुनेछ", खतिवडाले भन्नुभयो ।

यसपटक एनपिएलमा डेविड वार्नर, मोइन अली, सिकन्दर राजा, इफ्तिखार अहमदलगायत अन्तरराष्ट्रियस्तरका चर्चित खेलाडी जोडिँदै छन् । ठूला विदेशी खेलाडीको सहभागिताले एनपिएलको चर्चा नेपालमा मात्र नभई अन्तरराष्ट्रियस्तरमा समेत बढ्ने क्यानको अपेक्षा छ ।

क्यानका सचिव खड्काले एनपिएललाई खेलकुदसँगै पर्यटन प्रवर्द्धनका माध्यमका रूपमासमेत विकास गर्न सकिने बताउनुभयो । यसअघि एनपिएलमा सहभागी हुन आएका विदेशी खेलाडी, अम्पायर तथा कमेन्टेटरले नेपालबारे सकारात्मक अनुभव लिएर फर्किएका थिए ।

# बौद्धिक सम्पत्ति संरक्षणबारे अमेरिकी पेटेन्ट तथा ट्रेडमार्क कार्यालयसँग छलफल



**टुडे समाचारदाता**

काठमाण्डु । नेपालस्थित अमेरिकी वाणिज्य संघ र काठमाडौंस्थित अमेरिकी दूतावासको सहकार्यमा अमेरिकी पेटेन्ट तथा ट्रेडमार्क कार्यालयसँग असोज २० गते (अक्टोबर ६) बौद्धिक सम्पत्ति तथा व्यवसायिक विश्वाससम्बन्धी व्यवसायिक छलफल आयोजना गरिएको छ । कार्यक्रममा नेपालस्थित अमेरिकी वाणिज्य संघका सदस्य कम्पनीहरूका ३० भन्दा बढी कानुनी प्रतिनिधि तथा व्यवसायिक नेतृत्वकर्ताहरूको सहभागिता रहेको थियो।

छलफलमा नेपालमाबौद्धिक सम्पत्तिको संरक्षण, ट्रेडमार्कको सुरक्षा, नवप्रवर्तन तथा व्यवसायिक विश्वासलगायतका विषयमा विचार-विमर्श गरिएको थियो । कार्यक्रममा दक्षिण एसियाका लागि अमेरिकी पेटेन्ट तथा ट्रेडमार्क कार्यालयका बौद्धिक सम्पत्ति प्रतिनिधि शैलेन्द्र भूमरलकर तथा दक्षिण एसियाका लागि वरिष्ठ वाणिज्य विशेषज्ञ एवं बौद्धिक सम्पत्ति नीति सल्लाहकार शिल्पी झा सहभागी थिइन् । उनीहरुले विभिन्न व्यवसायीहरूसँग प्रत्यक्ष छलफल गर्दै उनीहरूका अनुभव, समस्या र चासोबारे जानकारी लिएका थिए।

विभिन्न कम्पनीका प्रतिनिधिहरू लेट्रेडमार्कको नक्कल, उपभोक्तामा पर्न सक्ने भ्रम, ब्रान्डको प्रतिष्ठा तथा व्यवसायिक मूल्यको संरक्षण, स्रोत-कोड चोरी, बौद्धिक सम्पत्ति तथा सिर्जनशील उद्योगको संरक्षण, अमूर्त वस्तु तथा सेवामा लाग्ने करलगायतका विषय उठाएका थिए । यसका साथै, बौद्धिक सम्पत्तिको संरक्षण तथा कार्यान्वयनमा थपस्पष्टता, पूर्वानुमान गर्न सकिने व्यवस्था, समयमै कारबाही र एकरूपता आवश्यक रहेको उनीहरूको भनाइ थियो।

नेपालस्थित अमेरिकी वाणिज्य संघका अध्यक्ष कैलाश विजयानन्दले भने, "बौद्धिक सम्पत्ति अब केवल कानुनी वा नियामकीय विषय मात्र रहेन। व्यवसायका लागि यो बढ्दो रूपमा विश्वासको विषय बन्दै गएको छ। नवप्रवर्तन गर्न, लगानी गर्न र आफ्नो ब्रान्ड निर्माण गर्न व्यवसायीलाई विश्वासको वातावरण आवश्यक हुन्छ।"

अमेरिकी पेटेन्ट तथा ट्रेडमार्क कार्यालयका प्रतिनिधिहरूले बौद्धिक सम्पत्तिसम्बन्धी जनचेतना अभिवृद्धिका लागि कानून कार्यान्वयन गर्ने निकाय तथा अन्य सरोकारवालासँग गर्दै आएको सहकार्य र अनुभवबारे जानकारी गराए । उनीहरुले बौद्धिक सम्पत्तिसम्बन्धी विभिन्न सहयोग तथा स्रोतसाधनका साथैप्रगतिका लागि अनुदान कार्यक्रमबारे पनि सहभागीहरूलाई जानकारी दिए।

पेरिस महासन्धि तथा विश्व व्यापार संगठनको व्यापारसम्बन्धी बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौताअन्तर्गत नेपालले गरेका प्रतिबद्धताले बौद्धिक सम्पत्ति संरक्षणका लागि महत्वपूर्ण आधार प्रदान गरेको छ। छलफलले बौद्धिक सम्पत्तिको संरक्षणलाई थप प्रभावकारी बनाउनजनचेतना अभिवृद्धि, स्पष्ट तथा पूर्वानुमानयोग्य व्यवस्था, समयमै आवश्यक कदम र कानूनको एकरूप कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता औंल्याएको छ।

नेपालस्थित अमेरिकी वाणिज्य संघले बौद्धिक सम्पत्तिको बलियो संरक्षण भनेको अन्तर्राष्ट्रिय ब्रान्ड र नेपाली व्यवसायबीचको प्रतिस्पर्धाको विषय मात्र नभएको स्पष्ट पारेको छ । प्रभावकारी बौद्धिक सम्पत्ति प्रणालीलेनेपाली नवप्रवर्तनकर्ता, उद्यमी, सिर्जनशील क्षेत्र तथा प्रविधि कम्पनीहरूलाई लाभ पुऱ्याउनुका साथै अन्तर्राष्ट्रिय लगानीकर्ता र स्थापित ब्रान्डहरूलाई समेत सहयोग गर्ने संघको भनाइ छ।

कार्यक्रमको सहजीकरण गरेका नेपालस्थित अमेरिकी वाणिज्य संघका कार्यकारी निर्देशकअमिर आर. थापाले भने, "हामी सचेतनाबाट जानकारीतर्फ, जानकारीबाट समाधानतर्फ र अन्ततः समाधानबाट सहकार्यतर्फ अघि बढ्न चाहन्छौं।"

उनले थप भने, "हाम्रो उद्देश्य बौद्धिक सम्पत्तिबारे राम्रोसँग बुझ्नु मात्र होइन। अमेरिका-नेपाल व्यवसायिक सम्बन्धअन्तर्गत व्यवसायीहरूलाई नवप्रवर्तन गर्न, लगानी गर्न र आफ्नो व्यवसाय विस्तार गर्न थप विश्वासको वातावरण सिर्जना गर्नु हाम्रो उद्देश्य हो।"

यस प्रकारको छलफलले अमेरिकी तथा नेपाली व्यवसाय, अमेरिकी संस्थाहरू र नेपालको नीति तथा नियामकीय प्रणालीबीच समन्वय र सहकार्य कायम गर्न नेपालस्थित अमेरिकी वाणिज्य संघले निर्वाह गर्दै आएको भूमिकालाईथप स्पष्ट गरेको छ । यसले व्यापार, लगानी, नवप्रवर्तन तथा अमेरिका-नेपालबीचको व्यवसायिक सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

नेपालस्थित अमेरिकी वाणिज्य संघले नेपालमा सञ्चालनमा रहेका अमेरिकी तथा अन्तर्राष्ट्रिय व्यवसायहरूको प्रतिनिधित्व गर्दछ । संघलेव्यापार, लगानी, उद्यमशीलता, नवप्रवर्तन तथा रचनात्मक नीतिगत संवादमार्फत अमेरिका-नेपाल व्यवसायिक सम्बन्धलाई थप सुदृढ बनाउन काम गर्दै आएको छ।

# धान भित्र्याउने बेलाको खेत क्षणभरमै बगर बनेपछि...



म्याग्दी । म्याग्दीको मङ्गला गाउँपालिका-५ छिस्वाङ खहरेका वीरबहादुर पुन आफ्नो खेत हेर्दै टोलाइरहनुभएको छ। साढे छ रोपनी खेतमा लगाएको मार्सी धान बाढीले नामोनिसान नरहने गरी पुरिदिएपछि उहाँको वर्षभरिको अन्नको जोहो गर्ने आधार गुमेको छ।

चौध जनाको परिवारलाई वर्षभरि खान पुग्ने धान फल्ने खेत बाढीले बगरमा परिणत गरिदिएपछि उहाँसँग अब करिब तीन रोपनी बाँझो जमिन मात्रै बाँकी छ। "धान काटेर घर भित्र्याउने बेला खेत नै रहेन," पुनले भन्नुभयो, "वर्षभरि खाने अन्न फल्ने जमिन बाढीले बगर बनाइदियो।"

छिस्वाङमा वीरबहादुरको जस्तै पीडा पूर्णबहादुर पुनको पनि छ । पशुचौपाया राख्ने गोठसहित उहाँको तीन रोपनी धानखेत बाढीले बगाएको छ। अन्न फलाउने एक इन्च जमिन बाँकी नरहेपछि उहाँलाई अब परिवार कसरी पाल्ने भन्ने चिन्ताले सताएको छ।

खहरे खोलाको बाढीले छिस्वाङका करिब ३५ परिवारको करिब डेढ सय रोपनी धानखेतमा क्षति पुगेको स्थानीयले बताएका छन्। अन्नबालीका लागि प्रख्यात छिस्वाङको खहरेखोला आसपासको खेतीयोग्य जमिन खोलाको बगरमा परिणत भएको छ।

"पुर्खाले छोडेको जग्गा, वर्षौंको श्रम र लगानी केही घण्टामै बाढीले बगायो," नरबहादुर घर्तीले भन्नुभयो, "धान भित्राउने समयमा खेत नै बगेपछि किसान ठूलो पीडामा छन् ।" यही असोज ११ गतेको भीषण बाढीले छिस्वाङ खहरेको स्वरूप नै परिवर्तन गरिदिएको छ। केही समयअघिसम्म घरबस्ती र धानखेत रहेको ठाउँ अहिले माटो, ढुङ्गा र गेग्रानले भरिएको छ। बस्तीभन्दा करिब चार किलोमिटर माथि पाङ्र्ग वनमा खसेको पहिरो खहरे खोलामा मिसिएपछि बाढी आएको थियो। पुल तथा कल्भर्टमा बाढी थुनिएपछि पानी र गेग्रान बस्तीतर्फ सोझिएको स्थानीय भिजन पुनले बताउनुभयो।

बाढीले छिस्वाङमा नौ घर पूर्ण रूपमा ध्वस्त बनाएको छ। २२ भन्दा बढी घरमा आंशिक क्षति पुगेको छ। मिल, पसल, गोठ तथा घरभित्रका अन्नपात र सामग्री बाढीले बगाएको छ । घरबास गुमाएका परिवार अहिले आफन्तको घर र शारदा माध्यमिक विद्यालयमा आश्रय लिएर बसेका छन्।

तुलबहादुर घर्तीले रातको समयमा खानेपानीको पाइपलाइन मर्मत गरिरहेको बेला खोल्सामो बाढी आएका स्मरण गर्नुभयो । भागेर ज्यान बचाएको उहाँले सुनाउनुभयो । "श्रीमती खोलापारि र मैले वारि बसेर खानेपानीको पाइपलाइन मर्मत गरिरहेका थियौ । एक्कासि बाढी आएपछि भागाभाग गरेका थियौं," उहाँले भन्नुभयो, "केही सेकेण्ड छिटो भाग्न सफल हुँदा ज्यान जोगिएको हो।" घर्तीले खेतबारी पुरिनुका साथै घरभित्र बाढी पसेर क्षति पुगेको बताउनुभयो।

घर, गोठ, अन्नपात र खेतबारीमा ठूलो क्षति पुगेको स्थानीयवासी गौदेवी पुनले गुनासो गर्नुभयो । "घर पनि रहेन, खेत पनि बचेन्," पुनले भन्नुभयो, "अब बस्ती जोगाउने गरी नदी नियन्त्रणको काम तत्काल हुनुपर्छ ।" पुनले नदी नियन्त्रण, कल्भर्ट व्यवस्थापन र जोखिममा परेको बस्तीको दीर्घकालीन पुनःस्थापनाको माग गर्नुभयो।

तुलप्रसाद पुन, मेखबहादुर पुन, पूर्णप्रसाद पुन, देवान घर्ती, नरबहादुर घर्ती, गौदेवी पुन, सरोज विक, जितबहादुर पुन र श्यामप्रसाद विकको घर पूर्ण क्षति भएको मङ्गला गाउँपालिका-५ का वडाअध्यक्ष भूपेन्द्र खत्रीले बताउनुभयो।

घरबास र आम्दानीको आधार एकैपटक गुमेपछि परिवारको दैनिक गुजारा कठिन बनेको श्याप्रसाद बिकले बताउनुभयो। स्थानीय चित्रबहादुर बिकले पहिरो र बाढीले पाइपलाइन, खानेपानीको ट्याङ्कीमा क्षति पुर्याएपछि पिउने पानीको समस्या भएको बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी गणेश गैरेका अनुसार प्रारम्भिक चरणमा छिस्वाङमा हेलिकप्टरमार्फत राहत सामग्री पठाइएको थियो। अहिले सडकमार्गबाट समेत राहत तथा सहयोग पुऱ्याउन सकिने अवस्था बनेको उहाँले बताउनुभयो।

केही दिनअघि पहिरो र बाढी प्रभावित क्षेत्रको निरिक्षणका लागि प्रजिअ गैरेलगायत सुरक्षा अधिकारीहरुसहित छिस्वाङ पुगेका गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीसँग स्थानीयले बस्ती संरक्षण र बाढी नियन्त्रणका लागि पहल गरिदिन अनुरोध गरेका थिए। गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारको साझेदारी तथा समन्वयमा बस्तीलाई सुरक्षित बनाउने, पहिरोको थप जोखिमको अध्ययन र पुनःस्थापनाका लागि पहल भइरहेको उहाँले बताउनुभयो। रासस

# तनहुँ जलविद्युत् आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत



दमौली । तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामा ७८ प्रतिशत काम सम्पन्न भएको छ । ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन आयोजनाको तीनवटै प्याकेजको भौतिक प्रगति उल्लेख्य रहेको छ।

आयोजनाको प्याकेज १ अन्तर्गत बाँध लगायतका संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युतगृह तथा सम्बन्धित उपकरण र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो।

प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ। यो प्याकेजमा ६३ प्रतिशत भौतिक प्रगति भएको भण्डारीले बताउनुभयो। मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङलगायतका संरचनाको निर्माण सम्पन्न भएको छ।

आयोजनाको १४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०८१ चैत ७ गते पहिलो कङ्क्रिट राखी कङ्क्रिटङ कार्यको सुरुआत गरिएको थिया। गत भदौ महिनामा मात्रै ३३ हजार ६८१ घनमिटर कङ्क्रिट राखिएको छ । हालसम्म पाँच लाख सात हजार ४४२ घनमिटर कङ्क्रिट सम्पन्न गरिएको छ।

प्याकेज २ अन्तर्गत विद्युतगृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ। अधिकांश संरचनाको सिभिल निर्माण कार्य सम्पन्न भएको भण्डारीले बताउनुभयो । विद्युतगृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायतका संरचनाको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको यस प्याकेजको भौतिक प्रगति ७९ प्रतिशत पुगेको छ।

भण्डारीका अनुसार जलाशयको पानीलाई विद्युतगृहतर्फ लैजान प्रयोग हुने मुख्य सुरुङको कङ्क्रिट लाइनिङ कार्य भइरहेको छ। कुल एक हजार ४१८.७५ मिटर कङ्क्रिट लाइनिङ गर्नुपर्नेमा हालसम्म एक हजार ४०७.७५ मिटर सम्पन्न भएका छ।रासस

# भृकुटीमण्डपमा 'बजाज गेम अफ पावर' एक्सचेन्ज कार्निभल

**टुडे समाचारदाता**

काठमाण्डु । दसैं-तिहारलाई लक्षित गर्दै बजाज मोटरसाइकलको 'गेम अफ पावर' अभियानअन्तर्गत एक्सचेन्ज कार्निभल आयोजना गरिएको छ।

नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसराज हुलासचन्द एन्ड कम्पनी प्रालिले आयोजना गरेको कार्निभल २२ देखि २९ असोजसम्म भृकुटीमण्डपमा सञ्चालन हुनेछ।

कार्निभलमा पुरानो मोटरसाइकललाई नयाँ बजाजसँग एक्सचेन्ज गर्न चाहने ग्राहकले २२ भन्दा बढी मूल्य निर्धारणकर्ताबाट आफ्नो मोटरसाइकलको मूल्यांकन गराउन सक्नेछन्।




साथै नगद छुट, निःशुल्क एसेसरिज तथा तत्काल फाइनान्स सुविधासमेत उपलब्ध हुने कम्पनीले जनाएको छ।

कार्निभलमा मोटरसाइकल खरिद तथा एक्सचेन्जसँगै 'शो योर पावर' लगायत विभिन्न सहभागितामूलक गतिविधि पनि राखिएको छ।

कम्पनीले 'गेम अफ पावर' अभियानले मोटरसाइकल, उत्साह र सहभागितालाई एउटै प्लेटफर्ममा जोड्ने उद्देश्य राखेको जनाइएको छ।

# सुनको मूल्य बढ्यो, चाँदीको घट्यो




काठमाण्डु । स्थानीय बजारमा आज सुनको मूल्य रु ५०० ले बढेको छ भने चाँदीको मूल्यले रु ३५ ले घटेको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुन प्रतितोला रु दुई लाख ९२ हजार ८०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ३९० कायम भएको छ।

बुधबार छापावाल एक तोला सुनको मूल्य रु दुई लाख ९२ हजार ३०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ४२५ कायम भएको थियो।

# भन्सार छलीका सामान बरामद

रूपन्देही । रुपन्देही प्रहरीले जिल्लाका विभिन्न स्थानबाट भन्सार छली गरी ल्याइएका रु पाँच लाख १३ हजार ६०० मूल्य बराबरका सामान बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले रोहिणी गाउँपालिका, सिद्धार्थनगर नगरपालिका लगायतका विभिन्न स्थानबाट चेकजाँचका क्रममा भन्सार छली गरी ल्याइएका सामान बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक जनबहादुर शाहीले जानकारी दिनुभयो।

प्रहरीका अनुसार बरामद सामानमा कपडा, खाद्यान्न तथा विभिन्न किराना सामान रहेका छन्।

यसैगरी, विभिन्न प्रकारका फ्लावर पोट, टर्च तथा पटाका लगायतका सामान पनि बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले भन्सार छली तथा अवैध चोरी पैठारी नियन्त्रणका लागि जिल्लाका सीमा क्षेत्र तथा विभिन्न स्थानमा नियमित चेकजाँच र निगरानी तीव्र पारेको छ । बरामद सामान आवश्यक कारबाहीका लागि भन्सार कार्यालय बेलहिया पठाइएको प्रहरी उपरीक्षक शाहीले बताउनुभयो।रासस



# Madhesh Institute of Health Sciences

## Janakpurdham, Dhanusha

## Madhesh Province, Nepal

## INVITATION FOR BIDS

**Bid Publication Date: 2083/06/23 (09-October 2026)**

1. Madhesh Insitute Of Health Sciences, Janakpurdham, Dhanusha Invites Bids(Hard Copy) From Nepalese eligible bidders for the construction of following listed works under National Competitive Bidding (NCB) -Single Stage Single Envelope (1S1E) procedures. The estimated amount for the works is listed below.

| S. N. | Project Title (Works/Goods) | IFB NO./Bid No. | Cost Of Bid Documents Fee (Non-Refendable) | Bid Security Amount | Estimated Amount Excluding Vat,PS & Contigency. | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | The Construction of Pratishthan ko Manimandap ma Bhayeko Jagga ma Bhitra Sadak Nirman. | MIHS/ NCB/WORKS/ 2083-084/01 | Nrs. 3,000 | Nrs.90,000.00 | 34,03,226.47 | 2083-07-13 12:00 Noon | 2083-07-13 14:00 PM |
| 2 | The Construction of Pratishthan ko Manimandap ma Bhayeko Shaikshik Bhawanko Agadi Mato Bharne Tatha Compound Nirman. | MIHS/ NCB/WORKS/ 2083-084/02 | Nrs. 3,000 | Nrs.1,07,000.00 | 40,51,522.95 | 2083-07-13 12:00 Noon | 2083-07-13 14:00 PM |

2. Eligible bidders can purchase the bidding document from Madhesh Insitute Of Health Sciences, Janakpurdham, Dhanusha and may obtain further information by email (Email;mihs@mihs.edu.np)

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Laxmi sunrise Bank Ltd. **Name of Office:** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

**Office Code no. :** 3700017022 **Account no.:** 1681699536011101 **Rajaswa (revenue) Shirshak no. :** 14229

**Bid Security deposit in the Following Bank:**

**Name of the Bank:** Laxmi sunrise Bank Ltd. Name of Office: Madhesh Institute of Health Sciences, Dharauti Khata

**Account No.:** 161699540011103

**Note:-** 1. Bids Shall Be Opened At Madhesh Institute of Health Sciences , Janakpurdham Dhanusha.

2. A Complete Set Of Bidding document Can Be Downloaded From website: www.mihs.edu.np

3. Last date for Obtaining Bid Document 2083-07-12 in Office Hour.

# जनकपुरधाममा चक्कु प्रहारले एकको मृत्यु, एक घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-५ मा चक्कु प्रहारबाट एक युवकको मृत्यु भएको छ भने अर्को युवक गम्भीर घाइते भएका छन् ।

धनुषा प्रहरीका अनुसार बिहीवार साँझ करिब ७:१० बजे जनकपुरधाम-५ स्थित रहिमपथ नजिकै सोनारपट्टी दाहा चोकमा स्थानीय २४ वर्षीय आमिन साफी र २५ वर्षीय ईम्तियाज राइनमाथि धारिलो हतियार चक्कु प्रहार भएको थियो ।



प्रारम्भिक अनुसन्धानअनुसार पुरानो रिसइबीका कारण जनकपुरधाम-५ कै करिब २२ वर्षीय मोहम्मद ईर्साद खानले दुवै जनाको छाती तथा पेटमा चक्कु प्रहार गरेको प्रहरीले जनाएको छ । घटनाको जानकारी पाएलगत्तै प्रहरी टोली घटनास्थलमा पुगेर घाइते दुवै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाएको थियो । अस्पतालमा चिकित्सकले साँझ ७:१५ बजे जाँच गर्दा आमिन साफीको मृत्यु भइसकेको घोषणा गरेका थिए। उनको शव परीक्षणका लागि अस्पतालको शवगृहमा राखिएको प्रहरीले जनाएको छ । चक्कु प्रहारबाट गम्भीर घाइते भएका ईम्तियाज राइनको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले मोहम्मद ईर्साद खानलाई नियन्त्रणमा लिएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइसकेको धनुषा प्रहरीका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले जनाएको छ ।

प्रहरीले घटनाको वास्तविक कारण, घटनाको क्रम तथा चक्कु प्रहारमा प्रयोग भएको हतियारलगायतका विषयमा थप अनुसन्धान गरिरहेको जनाएको छ। घटना पश्चात जनकपुरधामको अवस्था तनावग्रस्त बनेको छ ।

# विदेशमा रहेका व्यक्तिलाई बिना परीक्षाकै लाइसेँस दिइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । परीक्षामा सहभागी नभएका व्यक्तिलाई गैरकानूनी रुपमा सवारी चालक अनुमति पत्र -लाइसेँस) उपलब्ध गराइएको खुलासा भएको छ ।




वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका व्यक्तिहरूलाई समेत परीक्षामा सहभागी नगराई गैरकानुनी रूपमा सवारी चालक अनुमतिपत्र (लाइसेन्स) जारी गरेको खुलासा भएको हो ।

यस प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, रूपन्देहीका तत्कालीन कार्यालय प्रमुखसहित सात जनाविरुद्ध विशेष बिहीबार अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, रूपन्देहीमा 'एच, आई, जे' (मेसिनरी) वर्गको सवारी चालक अनुमतिपत्र वितरण गर्दा व्यापक अनियमितता भएको उजुरी परेपछि अख्तियारले अनुसन्धान थालेको थियो । अनुसन्धानका क्रममा कार्यालयका कर्मचारी र ट्राफिक प्रहरीको मिलेमतोमा परीक्षामा सहभागी नै नभएका तथा विदेशमा रहेका व्यक्तिहरूलाई समेत पास गराएर लाइसेन्स वितरण गरिएको खुलेको अख्तियारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अख्तियारका अनुसार वैदेशिक रोजगारीको सिलसिलामा २०७७ मंसिर २५ गते जापान गएका र नेपाल नफर्किएका व्यक्तिलाई समेत लिखित तथा प्रयोगात्मक परीक्षामा सहभागी र उत्तीर्ण भएको देखाई २०७८ कात्तिक १७ गते 'जे-१' वर्गको सवारी चालक अनुमतिपत्र जारी गरिएको पाइएको छ ।

त्यसैगरी लिखित परीक्षामा फेल भएका परीक्षार्थीहरूको नतिजा गैरकानुनी रूपमा संशोधन गरी ३ जनालाई 'जे-१' र ४ जनालाई 'जे-२' वर्गको लाइसेन्स दिइएको थियो। यस्तै, प्रयोगात्मक परीक्षामा सहभागी नै नभएका ५ जनालाई झूट्टा अभिलेख तयार गरी 'जे-१' वर्गको लाइसेन्स जारी गरिएकोसमेत गरी कुल १३ जनालाई कीर्ते कागजातका आधारमा लाइसेन्स उपलब्ध गराइएको पाइएको अख्तियारको भनाइ छ ।

सरकारी निकायका कागजात अनाधिकार रूपमा सच्याउने, केरमेट गर्ने, थपघट गर्ने र परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको जिकिर गर्दै अख्तियारले यातायात कार्यालयका ४ जना कर्मचारी र ३ जना प्रहरी अधिकारीविरुद्ध मुद्दा दायर गरेको हो ।

मुद्दा दायर गरिएकाहरूमा यातायात व्यवस्था कार्यालय रूपन्देहीका तत्कालीन कार्यालय प्रमुख तेज नारायण यादव, तत्कालीन मेकानिकल सुपरभाइजर यादव प्रसाद अर्याल, तत्कालीन अधिकृतस्तर सातौँका तुलसीराम अधिकारी र तत्कालीन अधिकृतस्तर छैटौँका राजीव अर्याल रहेका छन् ।

त्यस्तै, लुम्बिनी प्रदेश ट्राफिक प्रहरी कार्यालय बुटवलका तत्कालीन प्रहरी नायब उपरीक्षक (डीएसपी) डिल्ली नारायण पाण्डे, तत्कालीन प्रहरी निरीक्षक (इन्स्पेक्टर) गणेश ज्ञवाली र तत्कालीन प्रहरी नायब निरीक्षक (सई) हुमानन्द खनालविरुद्ध पनि आरोपपत्र दायर गरिएको छ ।

आयोगले उनीहरू सबैजना उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ र दफा १३ बमोजिमको कसुर स्थापित गर्दै सोही ऐनबमोजिम कैद र जरिवाना सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिएका छन् ।

## आफ्नै श्रीमतिको हत्या आरोपमा एक पक्राउ



**टुडे समाचारदाता**

बारा । बाराको निजगढ नगरपालिका १२ रामथलीमा आफ्नै श्रीमतिको हत्या आरोपमा एकजना पक्राउ परेका छन् । स्थानीय ५५ वर्षीय विजय मोक्तानले घरायसी विवादका क्रममा आफ्नै श्रीमती ४७ वर्षीया सुकुमाया मोक्तानको मृत्यु भएको आरोपमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

कुटपिटबाट सामान्य घाइते भएकी सुकुमायाको स्थानीय मेडिकलबाट चिकित्सकलाई घरमै बोलाई जाँच तथा औषधी उपचार गराइएको थियो । तर बिहान ४:०० बजे उठाउन खोज्दा नउठेपछि मृत्यु भएको जानकारी ६:४० बजे अस्थायी प्रहरी पोष्ट रतनपुरमा गराइएको थियो ।

प्रहरीले कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल बारा पठाएको छ । घटनामा संलग्न विजय मोक्तानलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पार्टी फुटिसकेको नेता निधिको दाबी, नयाँ पार्टी खोल्ने संकेत

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टी वैचारिक तथा सांगठनिक रूपमा विभाजित भइसकेको दाबी गरेका छन् । उनले पार्टी विभाजित भइसकेकाले अब नयाँ ढंगबाट संगठन निर्माण गर्नुपर्ने बताएका छन् ।



जनकपुरधाममा नेपाली कांग्रेस धनुषाको १५ औं जिल्ला अधिवेशनमा प्रमुख अतिथिको आसनबाट बोल्दै नेता निधिले विशेष महाधिवेशनपछि कांग्रेस दुई धारमा विभाजित भएको दाबी गरेका हुन् । कांग्रेस विभाजनको मुख्य जिम्मेवार विशेष महाधिवेशन आह्वान गर्ने पक्ष नै रहेको उनको आरोप थियो ।

लोकतन्त्र बहुमतको अंकमा मात्र सीमित नहुने भन्दै निधिले पार्टी सञ्चालनमा प्रक्रिया र पद्धतिको पनि उत्तिकै महत्व हुने बताए । निर्वाचन आयोगमा पेस गरिएको विवरणअनुसार आफूहरूको पक्षमा ४६ प्रतिशत आधार रहेको दाबी गर्दै उनले त्यसलाई बेवास्ता गरेर गरिएका निर्णय स्वीकार्य नहुने जिकिर गरे ।

विशेष महाधिवेशनपछि विकसित घटनाक्रमले तत्काल पार्टी एकता सम्भव नदेखिएको भन्दै निधिले अब संगठनलाई नयाँ ढंगले अघि बढाउनुपर्ने बताए ।

उनले विगतमा पनि कांग्रेसभित्र देखिएका विभाजन र मतभेद समयक्रममा समाधान भएको स्मरण गर्दै भविष्यमा परिस्थिति परिवर्तन हुनसक्ने धारणा राखे । निधिले आगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै कार्यकर्तालाई वडा तहदेखि नै संगठन विस्तारमा सक्रिय हुन आग्रह गरे । युवा पुस्तालाई नेतृत्वमा ल्याउनुपर्नेमा जोड दिँदै उनले आफू वैचारिक रूपमा सक्रिय रहेको र पार्टी पुनर्निर्माणमा निरन्तर लागिरहने बताए ।

पञ्चायतकालको उदाहरण दिँदै उनले संगठन बलियो भए कठिन परिस्थितिसमेत पार गर्न सकिने भएकाले कार्यकर्तालाई निराश नहुन आग्रह गरे ।

# तीन तलाकको आधारमा सम्बोधन विच्छेद हुँदैन : सर्वोच्च

**टुडे समाचारदाता**

जनकपुरधाम । मुस्लिम समुदायमा प्रचलित 'तीन तलाक' उच्चारण गरेकै आधारमा वैवाहिक सम्बन्ध कानुनी रूपमा अन्त्य नहुने सर्वोच्च अदालतले स्पष्ट पारेका छन् ।




सर्वोच्च अदालतले निर्णय नं. ११३३५ अन्तर्गत बहुविवाहसम्बन्धी मुद्दामा यस्तो व्याख्या गरेको हो । २०७९ चैत २६ गते न्यायाधीशद्वय टंकबहादुर मोक्तान र हरिप्रसाद फुयालको संयुक्त इजलासले फैसला गरेको थियो ।

फैसलामा नेपालमा सबै समुदाय तथा सम्प्रदायलाई लागू हुने एकीकृत कानुनी व्यवस्था रहेको उल्लेख गर्दै इस्लामिक परम्परा वा सामाजिक प्रचलनअनुसार गरिएको एकतर्फी 'तलाक'लाई मात्रै नेपाल कानुनले सम्बन्धविच्छेदका रूपमा मान्यता नदिने भनिएको छ ।

सर्वोच्चले फैसलामा भनेका छन् – 'तीन तलाक' भनेकै आधारमा पहिलो वैवाहिक सम्बन्ध कानुनी रूपमा समाप्त भएको मान्न सकिँदैन । त्यसैले त्यसैलाई आधार बनाएर अर्को विवाह गर्ने छुटसमेत नहुने अदालतको व्याख्या छ ।

अदालतले मुस्लिम समुदायमा प्रचलित सम्बन्ध विच्छेदको अभ्यासलाई नेपालमा लागू हुने कानुनी प्रक्रियाबाट अलग राख्न नसकिने स्पष्ट गरेको हो । नेपालमा सम्बन्धविच्छेदका लागि प्रचलित कानुनी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।

मनौवर हसन र मीना हलुवाई प्रतिवादी तथा सविया तनविर हसनको जाहेरीले नेपाल सरकार वादीमा सर्वोच्च अदालतले यस्तो फैसला गरेका हुन् । सर्वोच्चले नेपालमा कानुनी रूपमा मान्यता प्राप्त सम्बन्धविच्छेद नभएसम्म पहिलो वैवाहिक सम्बन्ध कायम रहने र त्यस अवस्थामा अर्को विवाह गर्दा कानुनी जटिलता उत्पन्न हुन सक्ने स्पष्ट गरेको छ ।

मुलुकी देवानी संहिताले पनि विवाहलाई कानुनी तथा सामाजिक बन्धनका रूपमा स्वीकार गर्दै कानुनबमोजिम अन्त्य नभएसम्म वैवाहिक सम्बन्ध कायम रहने व्यवस्था गरेको छ ।

यस फैसलाले धार्मिक वा सामाजिक परम्पराअनुसार सम्बन्धविच्छेद भएको दाबी गरेकै आधारमा नेपालमा कानुनी रूपमा विवाह अन्त्य भएको मान्न नसकिने र पुनः विवाहका लागि कानुनी सम्बन्धविच्छेद आवश्यक पर्ने सिद्धान्त स्पष्ट गरेको छ। वि.सं. २०८१ मँसिरमा कानुन पत्रिकामा यो नजिर प्रकाशित छ।

# कर्मचारी खटनपटनमा सरकारको मनपरी, यातायातमा दरबन्दीभन्दा बढी कर्मचारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले कर्मचारी कटौती गर्ने नाममा विभिन्न मन्त्रालय र मातहतका कार्यालयहरुमा कर्मचारी कटौती गरियो । तर श्रम तथा यातायात मन्त्रालय अन्तर्गतको यातायात व्यवस्था कार्यालय जनकपुरधाममा स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी खटाई रहेको पाइएको छ ।




केही कर्मचारी लामो समयदेखि एउटै कार्यालयमा बस्दै आएको विषयले सरकारले गरेको कर्मचारी व्यवस्थापन, सरुवा प्रणाली र राजनीतिक पहुँचबारेसमेत प्रश्न उठाएको हो ।

प्रदेशका विभिन्न यातायात कार्यालयमा स्वीकृत दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन हुन नसकेको तथा फजूल कर्मचारीसमेत लामो समयदेखि संवेदनशील मानिने यातायात कार्यालयमै कार्यरत रहेको दाबी श्रोतको छ ।

जनकपुरधामस्थित यातायात व्यवस्था कार्यालयमा २१ जना कर्मचारीको दरबन्दी रहेकोमा अहिले २४ जना कार्यरत रहेको दाबी गरिएको छ। त्यहाँ शाखा अधिकृतको तीन दरबन्दी रहेकोमा चार जना तथा सहायक शाखा अधिकृतको पाँच दरबन्दी रहेकोमा ६ जना कार्यरत रहेका छन् ।

दरबन्दीभन्दा बढी रहेका कर्मचारीमध्ये शाखा अधिकृत चन्देश्वर साह र सहायक शाखा अधिकृत धर्मराज पौडेल फजूलमा रहेको दाबी गरिएको छ । उनीहरू लामो समयदेखि सोही कार्यालयमा कार्यरत रहेको श्रोतको भनाई छ । सहायक शाखा अधिकृत धर्मराज पौडेल विगत करिब सात वर्षदेखि यातायात व्यवस्था कार्यालय जनकपुरधाममै कार्यरत रहेको दाबी गरिएको छ । प्रदेश निजामती सेवा ऐन तथा नियमावलीले कर्मचारी व्यवस्थापन, पदस्थापन र सरुवासम्बन्धी व्यवस्थापनमा २ वर्षभन्दा बढी समय एउटै कार्यालयमा कर्मचारी बस्न नपाउने व्यवस्था छ ।

उपलब्ध सरकारी कार्यविधि अनुसार अधिकृत दशौँ तहभन्दा तलका कर्मचारीलाई सरुवा गर्दा अवधि तोक्ने व्यवस्था छ । दरबन्दी मिलान, नयाँ दरबन्दी सिर्जना, गलत पदस्थापन वा अन्य प्रशासनिक कारणमा आवश्यक प्रक्रिया पूरा गरी सरुवा गर्न सकिने व्यवस्था पनि उल्लेख छ ।

यसैकारण कुनै कर्मचारी वर्षौंसम्म एउटै कार्यालयमा रहनुको कारण के हो भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ ।

यदि कुनै कर्मचारी फजूलमा छन् भने उनीहरूलाई स्वीकृत दरबन्दीअनुसार अन्य कार्यालयमा व्यवस्थापन गर्ने कि त्यही कार्यालयमा राखिरहने भन्ने विषय सम्बन्धित मन्त्रालय र मुख्यमन्त्री कार्यालयले व्यवस्थापन गर्ने व्यवस्था ऐनमा रहेको छ ।

त्यस्तै, समस्या सर्लाहीको मलंगवा यातायात कार्यालयमा समेत रहेको दाबी गरिएको छ । उक्त कार्यालयमा सहायक शाखा अधिकृतको दुई दरबन्दी रहेकोमा तीन जना कार्यरत रहेको दाबी छ ।

अतिरिक्त कर्मचारीका रूपमा सहायक शाखा अधिकृत छविन्द्रबहादुर योञ्जन कार्यरत रहेको बताइएको छ । योञ्जन पनि कर्मचारी संगठनसँग आबद्ध रहेको र सोही कारण लामो समयदेखि कार्यालयमा रहन सकेको आरोप लगाइएको छ । तर, उनको कार्यरत अवधि, फजूल अवस्था, पदस्थापनको निर्णय तथा त्यसमा कुनै राजनीतिक हस्तक्षेप भएको वा नभएको विषयमा आधिकारिक कागजात र सम्बन्धित निकायको धारणा आवश्यक छ ।

मधेश प्रदेश सरकारले पछिल्लो समय कर्मचारी सरुवा तथा पदस्थापनका निर्णयहरू सार्वजनिक गर्दै आएको छ ।

श्रम तथा यातायात मन्त्रालयको वेबसाइटमा २०८३ असोज १५ गते मन्त्रीस्तरीय निर्णयअनुसार सरुवा तथा पदस्थापनसम्बन्धी सूचना प्रकाशित भएको छ ।

त्यसअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत विभिन्न तहका कर्मचारीको सरुवा, कामकाज तथा दरबन्दी व्यवस्थापनसम्बन्धी निर्णय सार्वजनिक गर्दै आएको देखिन्छ ।

यस्तो अवस्थामा वर्षौंदेखि एउटै कार्यालयमा कार्यरत भनिएका कर्मचारीहरूको व्यवस्थापन किन हुन सकेन भन्ने प्रश्न गम्भीर प्रश्न उठाएको छ । यदि उनी फजूलमा छन् भने त्यस्ता कर्मचारीलाई त्यही कार्यालयमा राखिरहनुपर्ने प्रशासनिक औचित्यसमेत स्पष्ट हुन आवश्यक छ ।

# चिकित्सकहरूलाई अस्पताल तथा होस्टेल खाली गर्ने उर्दीमा सरकारले माग्यो माफी

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको वीरगञ्जस्थित नेशनल मेडिकल कलेजले आवासीय चिकित्सकहरूलाई अस्पताल तथा होस्टेल खाली गर्न जारी गरेको उर्दी विषयमा सरकारले माफी मागेको छ ।



बिहीबार शिक्षा तथा खेलकुद मन्त्रालयमा आयोजित छलफलमा प्रथम वर्षका चिकित्सकहरूलाई १२ घण्टाभित्र होस्टेल र क्वार्टर खाली गरी कलेजको सम्पत्ति बुझाउन निर्देशन दिएको विषयमा सरकारको तर्फबाट शिक्षामन्त्रीका सल्लाहकार शैलेन्द्र झाले माफी मागेका हुन् ।

उनले यस विषयलाई मन्त्रालयले गम्भीर रूपमा लिएको बताउँदै छिट्टै अध्ययनको वातावरण निर्माण गर्ने प्रतिबद्धता जनाए। २४ दिनदेखि आन्दोलनरत आवासीय चिकित्सकहरूले बिहीबार मन्त्रालय पुगेर आफ्ना मागहरू सम्बोधन गरी काम गर्ने वातावरण बनाउन आग्रह गरेका थिए ।

शिक्षामन्त्रीका सल्लाहकार झाले मेडिकल कलेजको उक्त उर्दी आवेगमा जारी गरिएको र त्यसमा व्यक्तिगत 'इगो' प्रदर्शन भएको देखिएको दाबी गरे। प्रतिकूल मौसमलाई समेत बेवास्ता गर्दै चिकित्सकहरूलाई होस्टेल छोड्न बाध्य बनाउनु अमानवीय र लोकतान्त्रिक शासन व्यवस्थाविपरीत भएको उनले बताए ।

शिक्षामन्त्रीका सल्लाहकार झाले भने, 'तपाईंहरूलाई १२ घण्टाभित्र होस्टेल छाड्न जुन सूचना आएको छ, त्यो आवेगमा र 'इगो' देखाउन जारी गरिएको जस्तो देखिन्छ । प्रतिकूल मौसमका बेला त्यस्तो कदम चाल्नु अमानवीय हो। जस्तुकै गल्ती भएको भए पनि होस्टेल छोड्न बाध्य पार्नु लोकतान्त्रिक व्यवस्थामा उपयुक्त हुँदैन। यसप्रति हामी चिन्तित छौं र राज्यको तर्फबाट माफी माग्न चाहन्छौं । मन्त्रीज्यूले यस विषयलाई गम्भीरतापूर्वक लिएर काम गरिरहनुभएको छ।'

छलफलका क्रममा आवासीय चिकित्सकहरूले कलेजमा शान्तिपूर्ण र मर्यादित वातावरण निर्माण गरी अध्ययनमा फर्कने अवस्था बनाउन माग गरे। आवासीय चिकित्सक डा. अविश साहले कलेजमा प्राध्यापकको निगरानीमा समेत विद्यार्थीलाई बिरामी तथा केसमा प्रत्यक्ष संलग्न हुन नदिइएको बताए। कतिपय आवासीय चिकित्सकलाई तेस्रो वर्षमा प्रवेश गर्दासम्म पनि व्यावहारिक चिकित्सकीय अभ्यासको अवसर नदिइएको उनको भनाइ थियो ।

डा. साहले भने, 'कलेजमा प्राध्यापक हुनुहुन्छ तर उहाँहरूको मातहतमा रहेर पनि विद्यार्थीले कुनै केस छुन पाउँदैननू। कतिपयलाई तेस्रो वर्षसम्म पनि केही गर्न दिइएको छैन। पर्याप्त व्यावहारिक अनुभव नै नभएका डाक्टरले पछि कसरी उपचार गर्लान्? कलेजमा यति धेरै मानसिक यातना छ कि सोध्न मन लागेका जिज्ञासा राख्न पनि डर लाग्छ। यस्तो अवस्थामा कसरी काम गर्ने ?'

अर्का आवासीय चिकित्सक अजरुद्धिन अन्सारीले कलेज प्रशासनबाट आफूहरूलाई धम्क्याउने गरिएको आरोप लगाए। धेरै बोले छतबाट फालिदिनेसम्मको धम्की आउने गरेको दाबी गर्दै उनले यस्तो वातावरणमा अध्ययन गर्न असम्भव रहेको बताए । कलेजको विद्यमान वातावरणले चिकित्सकको व्यावसायिक दक्षता र उपचारको गुणस्तरमा असर पार्ने भन्दै उनले सुरक्षित वातावरण निर्माण गर्न मन्त्रालयको ध्यानाकर्षण गराए ।

छलफलमा सहभागी केही आवासीय चिकित्सकहरूले कलेजमा 'फेक फाइल' र 'फेक फ्याकल्टी' समेत रहेको दाबी गर्दै त्यसबारे सूक्ष्म छानबिन गर्न माग गरे ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८